राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर
फोन : ०१-५०१००१५, (हटलाइन : ०१-५०१००००)
फ्याक्स : ०१-५५४७०९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
ई-मेल : nhrc@nhrcnepal.org

प्रदेश कार्यालयहरु :
प्रदेश नं. १ कार्यालय, चाँदनी चोक, विराटनगर
फोन : ०२१-४६१९३१, ४६१०९३, फ्याक्स: ०२१-४६११००
ई-मेल : nhrcbrt@nhrcnepal.org

मधेश प्रदेश कार्यालय, देवीचोक, जनकपुरधाम, धनुषा
फोन : ०४१-५९०३१३ / १४,
फ्याक्स: ०४१-५९०३१५
ई-मेल : nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर
ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा
फोन नं. : ०६१-५८६०५९/५८६०८१, फ्याक्स: ०६१-५६५८७५
ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, देवीनगर, बुटवल, रुपन्देही
फोन नं. : ०७१-४१०१७५ फ्याक्स: ०७१-४१०१७६
ई-मेल : nhrcbtl@nhrcnepal.org

सुदूरपश्चिम प्रदेश कार्यालय, तारानगर, धनगढी, कैलाली
फोन नं. : ०९१-५२५६२१, ५२५६२२ फ्याक्स: ०९१-५२५६२३
ई-मेल : nhrcbtl@nhrcnepal.org

कर्णाली प्रदेश कार्यालय, विरेन्द्रनगर, सुर्खेत
फोन : ०८३-५९०२२४
ई-मेल : nhrcskt@nhrcnepal.org

प्रदेश शाखा कार्यालयहरु :
प्रदेश नं. १ शाखा कार्यालय, दिक्तेल, खोटाङ
फोन : ०३६-४२०२८४
ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
ई-मेल: nhrcnpj@nhrcnepal.org
फोन : ०८१-५२६७०७, ५२६७०८
ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला बजार, जुम्ला
फोन : ०८७-५२०२२२
ई-मेल : nhrcjum@nhrcnepal.org

राउटेको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८१

राउटेको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८१

राष्ट्रिय मानव अधिकार आयोग
पुल्चोक, ललितपुर, नेपाल

घुमन्ते-फिरन्ते लोपोन्मुख आदिवासी जनजाति राउटेको मानव अधिकार अवस्था अध्ययन प्रतिवेदन, २०८१

राष्ट्रिय मानव अधिकार आयोग

पुल्चोक, ललितपुर, नेपाल

आयोगका पदाधिकारीहरु

अध्यक्ष

मा. तपबहादुर मगर

सदस्य

मा. डा. सूर्यप्रसाद शर्मा ढुङ्गेल

मा. मिहिर ठाकुर

मा. मनोज दुवाडी

मा. लिली थापा

सचिव

श्री मुरारिप्रसाद खरेल

लेखन तथा सम्पादन

किरणकुमार बराम, मानव अधिकार अधिकृत

डा. लालबहादुर पुन

प्रकाशक

राष्ट्रिय मानव अधिकार आयोग,

पुल्चोक, ललितपुर, नेपाल ।

पो.ब.नं. ९१८२, काठमाडौँ, नेपाल ।

सहकार्य

सोसेक, नेपाल ।

जेठ, २०८१

संस्करण:

प्रथम १००० प्रति

प्रकाशन नं.: २९८

(केन्द्रीय कार्यालय)

मुद्रण: स्मृति प्रिन्टिङ प्रेस प्रा.लि.

कमलादी, काठमाडौं

सर्वाधिकार

राष्ट्रिय मानव अधिकार आयोग

आयोगको पूर्व स्वीकृतिविना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ ।

राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

मन्तव्य

नेपालको संविधानको धारा २४९ को कार्यादेश बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, सम्वद्र्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले मानव अधिकार सम्बन्धि प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने कार्यादेश आयोगलाई रहेको छ । सिफारिसलाई प्रभावकारी ढंगबाट लागु गर्नुपर्ने नेपाल सरकारको नेपाल तथा अन्तराष्ट्रिय कानून अन्तर्गत दायित्व पनि छ ।

कर्णाली प्रदेशको विभिन्न जिल्लामा घुमन्ते फिरन्ते परम्परागत जीवनशैलीमा रहेका लोपोन्मुख आदिवासी जनजाति राउटेको मानव अधिकार अवस्था सम्बन्धमा आयोगबाट अध्ययन गरी प्रतिवेदन तयार गरिएको छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार राउटेको जनसंख्या २८९ पुरुष र २७७ महिला गरी कुल ५६६ रहेको देखिन्छ । सुदुरपश्चिम प्रदेशमा ४१९ र कर्णाली प्रदेशमा १४७ जना रहेका छन् । यस अध्ययनको स्थलगत सर्वेक्षणमा ७४ महिला र ६३ पुरुष गरी १३७ जना राउटे घुमन्ते-फिरन्ते (Nomadic) जीवनशैलीमा रहेको पाइएको छ ।

परम्परागत मुखिया पद्धतिमा आधारित स्वशासन अभ्यास भएका राउटे समुदाय प्रथाजनित ज्ञान तथा सीपको प्रयोग गरी वन्यजन्तुको शिकार, वनस्रोतमा आधारित कन्दमुल, काष्ठ सामग्री निर्माण गरी सोसँग खाद्यन्न साटेर जीविकोपार्जन गर्ने गरेको जीवनशैली पाइन्छ । पछिल्लो समय सामाजिक सुरक्षा भत्तास्वरुप प्राप्त नगदबाट खरिद गरेको खाद्यान्न तथा राहत स्वरुपप्राप्त खाद्यान्न जीविकोपार्जनको वैकल्पिक व्यवस्था भएको देखिन्छ । यद्यपि यो व्यवस्थापनि पूर्ण रुपमा पालन हुन नसकेको उनीहरुको भनाई छ ।

समुदायको सदस्यको निधन हुँदा बसोबासको स्थान नै परिवर्तन गर्ने घुमन्तेफिरन्ते राउटे समुदायको जनसंख्या पछिल्ला वर्ष घट्दै गएको अध्ययनमा देखिएको छ । प्रजनन् स्वास्थ्य, मौसम अनुकूल लत्ताकपडा, सरसफाई, स्वच्छ खानेपानी, पोषण, गुणस्तरीय खाद्यान्न र आवासको अभावमा विशेषगरी ज्येष्ठ नागरिक, एकल महिला, बालबालिकाहरुको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको पाइएको छ ।

फोन नं. ०१९७७-१-५०१००१५, फ्याक्स नं. ०१९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

उनीहरुको जन्म दर्ता, विवाह दर्ता, मृत्यू दर्ता लगायत कुनै पनि पञ्जिकरण भएको पाइएको छैन । यसले उनीहरुलाई कता कता राज्य विहिन नागरिकको अवस्थामा पुर्याएको आभास हुन्छ । वातावरणीय तथा जलवायु परिवर्तनको चपेटामा उनीहरुको जीवन सदैव कष्टकर हुन पुग्छ ।

बाह्य समाजबाट उनीहरुको सभ्यता र स्वशासनमाथी भइरहेको अतिक्रमण तथा प्रतिकुल प्रभाव नियन्त्रण हुन अत्यावश्यक छ । यसले उनीहरुको मानव अधिकार संरक्षण र सम्बद्धनमा सहयोग पुग्दछ । संघ, प्रदेश र स्थानीय तहले राउटेका लागि गरिने व्यवस्था र कार्यक्रमको एकिकृत अभ्यास हुन अत्यन्त जरुरी छ । आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) को प्रभावकारी कार्यान्वयन यो समुदायमा अझ बढी आवश्यक छ ।

अन्त्यमा, नेपालको एक मात्र घुमन्ते फिरन्ते आदिवासी जनजाति राउटे समुदायको मानव अधिकार अवस्था अध्ययनका लागि सहयोग गर्ने तीन तहका सरकारी निकाय, राउटेका मुखिया, अधिकारकर्मी, पत्रकार, नागरिक समाज सबैप्रति राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट आभार प्रकट गर्दछु । अध्ययन व्यवस्थापनका लागि सचिव मुरारिप्रसाद खरेल, प्रतिवेदन सम्पादनका लागि सम्वद्धन विभाग प्रमुख सहसचिव नवराज सापकोटा, सहसचिव बुद्धनारायण साहनी केवट, अध्ययन टोलीमा संलग्न सामुहिक अधिकार महाशाखाका पूर्वप्रमुख उपसचिव हरिप्रसाद जवाली, आयोगको कर्णाली प्रदेश कार्यालयका प्रमुख उपसचिव लोकनाथ वास्तोला, मानव अधिकार अधिकृतत्रय धनराज शाही, कुमारी शरणा उराँव र नरेन्द्र खत्रीप्रति पनि धन्यवाद व्यक्त गर्न चाहन्छु । यस अध्ययनका लागि आर्थिक तथा प्राविधिक व्यवस्थापन गर्ने सोसेक, नेपाल, राउटे समुदायमा स्थलगत खटिएका कर्मचारी, सो संस्थाका कार्यकारी निर्देशक हिरासिंह थापा, प्रतिवेदन लेखन गर्नु हुने मानव अधिकार अधिकृत किरणकुमार बराम र काठमाडौं विश्वविद्यालयका डा. लालबहादुर पुनलाई विशेष धन्यवाद दिन चाहन्छु । यो अध्ययनले लक्षित समुदायको मानव अधिकारलाई भविश्यमा प्रभावकारी रुपमा स्थापित गरी उपयोग गर्न पाउने अवस्थामा पुर्याउन मद्धत गर्नेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

प्रा.डा. सुर्यप्रसाद ढुंगेल
सदस्य

फोन नं. ०१९७७-१-५०१००१५, फ्याक्स नं. ०१९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

कार्यकारी साराशं

नेपालको संविधानको धारा २४९ को कार्यादेश बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्नु राष्ट्रिय मानव अधिकार आयोगको संवैधानिक दायित्व हो । कर्णाली प्रदेशको विभिन्न जिल्लामा घुमन्ते-फिरन्ते परम्परागत जीवनशैलीमा रहेका लोपोन्मुख आदिवासी जनजाति राउटेको मानव अधिकार अवस्था सम्बन्धमा आयोगबाट स्थलगत अनुगमन, सर्भेक्षण, मुख्यसूचक अन्तर्वाता, दैनिक क्रियाकलापको सुक्ष्म अध्ययन, रहनसहन, जीविकोपार्जन, चलनचल्ती, परम्परागत प्रथा, अभ्यास, सीप आदिको जानकारी संकलनका साथै सम्बन्धित सरोकारवालासँग परामर्श गरी प्रतिवेदन तयार गरिएको छ ।

राउटेहरू खोला, नदि र जंगलको आसपासमा परम्परागत देखि नै घुमफिर र बसोबास गर्दै आएका छन् । परम्परागत मुखिया पद्धतिमा आधारित स्वशासन अभ्यास भएका राउटे समुदाय आफ्नै मौलिक सिप र कलाको उपयोग गरि जंगली काठपातबाट भाडाकुँडा बनाई नजिकको मानव वस्तीमा अन्नसँग साट्ने, जंगली जनवार बाँदर आदिगो सिकार गर्ने, स्थानान्तरण भइरहने जस्ता प्रथाजनित परम्परागत मुख्य आहार वनजंगल भित्रका कन्दमुल नै हो । पछिल्लो समय सामाजिक सुरक्षा भत्तास्वरूप प्राप्त नगदबाट खरिद खाद्यन्न तथा राहत स्वरूपप्राप्त खाद्यान्न जीविकोपार्जनको वैकल्पिक व्यवस्था भएको देखिन्छ ।

बाह्य समाजको प्रभाव र उनीहरूको संगतले राउटेहरूको खानपान तथा लवाइखवाईमा विस्तारै परिवर्तन हुन थालेको छ । महिला र पुरूष दुबैमा अत्यधिक मध्यपानको लत बसेको देखिन्छ । सामाजिक सञ्जालमा उनीहरूको विषयवस्तु अपलोड गर्दा उनीहरूको स्वतन्त्र, पुर्व सुसूचित सहमति लिने गरेको देखिएन ।

राउटे सुदुरपश्चिम प्रदेशको अछाम जिल्ला, कर्णाली प्रदेशको जाजरकोट, दैलेख, सल्यान र सुर्खेत तथा लुम्बिनी प्रदेशको दाङ जिल्लासम्म पुग्ने गरेको पाइएको छ । २०७५ साल असारदेखि २०७९ असार मसान्तसम्म घुमन्ते फिरेन्ते यी राउटेहरू ७८ ठाउँमा सामुहिक घुमफिर बसोबास गरेको पाइएको छ । यस क्रममा उनीहरू सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्ला सामुहिक रूपमा पुगेको पाइएको छ । यस स्थानान्तरणको अवस्था अनुसार सुर्खेत र दैलेख जिल्लाका स्थान बढी मन पराएका देखिन्छन् ।

वि.स. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार राउटेको जनसंख्या २८९ पुरूष र २७७ महिला गरी कुल ५६६ रहेको छ । सुदुरपश्चिम प्रदेशमा ४१९ र कर्णाली

प्रदेशमा १४७ जना रहेका छन् । यस अध्ययनको स्थलगत सर्वेक्षणमा ७४ महिला र ६३ पुरूष गरी १३७ जना राउटे घुमन्ते-फिरन्ते जीवनशैलीमा रहेको पाइएको छ । राउटे समुदायमा एकल महिलाहरू १६ जना भएको पाइएको छ । पछिल्लो वर्षमा उनीहरूको जनसंख्या घट्दै गएको अध्ययनबाट देखिएको छ । राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु नराख्नु, प्रजनन् स्वास्थ्य अभाव, गुणस्तरहिन परम्परागत आवासमा बसोबास, मौसम अनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाईको अभाव जस्ता कारणले अकालमा निधन भएको देखिन्छ ।

राउटेहरूले आत्मनिर्णयको अधिकार उपयोग गरी स्वशासनको अभ्यास गरिरहेका छन् । उनीहरूनिर्वाध रूपमा उनीहरूको प्रथाजनित अभ्यासको निरन्तरता चाहन्छन् । आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) ले अनुसार फिरन्ते नागरिकहरूको अवस्था उपर विशेष ध्यान दिनु पर्ने राज्यको दायित्वको प्रभावकारी भएको देखिएन । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६ अनुसार बालबालिको हेरचाह र शिक्षाको दायित्व राज्यको हुने हुँदा सम्भव भए सम्म व्यापक सुरक्षा र सहायता दिनु पर्ने व्यवस्था न्यूनतम पनि कार्यान्वयनमा छैन । महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ले महिलाहरूलाई अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार व्यवस्था पूर्णत वेवास्ता गरेको पाइएको छ ।

उनीहरूको स्वच्छिक रोजाईको आवास, खाद्यन्न, पोषण, लत्ताकपडा, स्वास्थ्य, शिक्षाको गुणस्तरीय उपलब्ध गराउने विधि तय गरी कार्यान्वयन जरूरी छ । उनीहरूको विषयमा कुनै निर्णय, कार्यक्रम, उनीहरू भएको स्थानमा प्रवेशलगायत सरोकार विषयमा उनीहरूसँग स्वतन्त्र, पुर्व सुसूचित सहमति गर्नु मनासिव हुन्छ । राउटे समुदायको मानव अधिकार संरक्षण, सम्मान, प्रत्याभूति र प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तहले राउटेका लागि गरिने व्यवस्था र कार्यक्रमको एकिकृत कार्यसम्पादन आवश्यकता छ ।

विषय सूची

क्र.सं.	विषय	पेज नं.
अध्याय एक: पृष्ठभूमि		**१**
१.१.	अध्ययनको परिचय	१
१.२.	समस्याको कथन	३
१.३.	अध्ययनको उद्देश्य	४
१.४.	अध्ययनको महत्व	४
१.५.	अध्ययनको सैद्धान्तिक आधार	५
१.६.	अध्ययन विधि	६
१.७.	अध्ययन टोली	८
१.८.	अध्ययनको सीमा	८
अध्याय दुई: राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र मापदण्ड		**९**
२.१.	अन्तर्राष्ट्रिय अभ्यास	९
२.१.१.	एसिया महादेशका घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका	१०
२.१.२.	युरोप महादेशका घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका	१३
२.१.३.	अफ्रिका महादेशका घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका	१५
२.१.४.	दक्षिण अमेरिका महादेशको घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका	१८
२.२.	अन्तर्राष्ट्रिय मापदण्ड	१९
२.२.१.	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६	१९
२.२.२.	आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६	१९
२.२.३.	महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९	२०
२.२.४.	बाल अधिकारसम्बन्धी महासन्धि, १९८९	२०
२.२.५.	अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९	२१
२.२.६.	आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७	२२
२.३.	राष्ट्रिय मापदण्ड	२३
२.३.१.	नेपालको संविधान	२३

२.३.२. आवासको अधिकारसम्बन्धी ऐन, २०७५ २५
२.३.३. जनस्वास्थ्य ऐन, २०७५ २५
२.३.४. सामाजिक सुरक्षा ऐन, २०७५ २५
२.३.५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ २६
२.४. मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/०७८-२०८१/०८२) २६
२.५. विश्वव्यापी आवधिक समिक्षा २७
२.६. दिगो विकासका लक्ष्य २८
अध्याय तीनः आदिवासी जनजातिको अधिकार संरक्षणमा आयोगबाट भएका पहल २९
३. आदिवासी जनजातिको अधिकार संरक्षणसम्बन्धमा आयोगबाट भएका पहल २९
३.१. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ सम्बन्धमा २९
३.२. राउटे किशोरीमाथि यौनजन्य हिंसा घटनापश्चात स्थलगत अनुगमन २९
३.३. विकास आयोजना तथा संरक्षण क्षेत्रबाट प्रभावित आदिवासी जनजातिको मानव अधिकार अवस्थाको अनुगमन ३०
अध्याय चारः अध्ययनबाट प्राप्त तथ्य, जानकारी र विश्लेषण ३१
४.१. घुमन्ते-फिरन्ते राउटेको जनसांख्यिक अवस्था ३१
४.२. पहिचानको अधिकार ३२
४.३. महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकार ३३
४.४. घट्दो जनसङ्ख्या ३६
४.५. प्राकृतिक स्रोतमा राउटेको पहुँच ३७
४.६. गुणस्तर खाद्यन्न, स्वास्थ्य तथा सरसफाईको अधिकार ३९
४.७. गुणस्तरीय आवासको अधिकार ३९
४.८. घुमन्ते-फिरन्ते राउटेको बसोबासको क्षेत्र ४१
४.९. राउटेको रहनसहन तथा बाह्य प्रभाव ४५
अध्याय पाँचः निष्कर्ष र सिफारिस ४८
५.१. निष्कर्ष ४८
५.२. सिफारिस ५०
अनुसूची ५२-६४

अध्याय एक
प्रारम्भिक

१.१. अध्ययनको परिचय

राउटे नेपालको एक मात्र र अन्तिम घुमन्ते-फिरन्ते समुदाय हो । करिव ९०० वर्ष देखि नेपालको जङ्गल र मानवबस्तीको दुरीमा बस्दै आएको विश्वास गरिन्छ । नेपालमा सुचीकृत ६० आदिवासी जनजातिमध्ये एक आदिवासी जनजाति राउटे पनि हो । राउटेलाई लोपोन्मुख समुदायमा राखिएको छ । राउटे समुदायका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता नेपाल सरकारले प्रदान गरिरहेको छ ।

नेपाल सरकारले राउटेलाई अल्पसंख्यक समूहमा पनि सूचीकृत गरेको छ । २०७८ सालको राष्ट्रिय जनगणना अनुसार राउटेको जनसंख्या २८९ पुरूष २७७ महिला गरी कूल ५६६ रहेको छ । सुदुरपश्चिम प्रदेशमा ४१९ र कर्णाली प्रदेशमा १४७ जना रहेका छन् । स्थायी बसोबास गरेका र घुमन्ते रूपमा रहेको दुई समूह राउटे समुदायमा पाइन्छ । सुदुरपश्चिम जिल्लाको डडेल्धुरामा स्थायी बसोबास गरेका राउटे समुदाय छन् भने अक्सर कर्णाली प्रदेशका पहाडी जिल्लामा परम्परागत घुमन्ते जीवनशैलीमा राउटे समुदाय रहेको छ । यो अध्ययन कर्णाली प्रदेशमा घुमन्ते-फिरन्ते जीवनशैलीमा रहेका राउटे समुदायमा केन्द्रित रहेको छ । यस अध्ययनको क्रममा स्थलगत सर्वेक्षणमा ७४ महिला र ६३ पुरूष गरी १३७ जना राउटे घुमन्ते जीवनशैलीमा रहेको पाइएको छ ।

लोपोन्मुख आदिवासी जनजाति राउटे समुदायमा तीन गोत्र रहेको छ । कलायन, रास्कोटी र सूर्यवंशीमा वर्गिकृत छन् । आफ्नो नाता कुटुम्ब यही तीन गोत्र भित्र मात्रै हुने गर्दछ ।

परम्परागत मुखिया पद्धतिमा आधारित स्वशासन प्रथा राउटे समुदायको अभ्यासमा रहेको छ । परम्परागत रूपमा प्रथाजनिक ज्ञान तथा सिपको प्रयोग गरि शिकार गर्नु, फलाम वा किला प्रयोग नगरी, काठका सामान निर्माण गरी खाद्यान्नसंग साट्नु राउटे समूहको जिविकोपार्जनको मुख्य श्रोत नै हो । आफूले तयार गरेका काठका भाँडाकुँडा गाउँमा लगेर अन्नसंग साट्ने गर्दछन् तर आज भोलि भने

यस्ता सामानहरू बेच्न थालेका छन् । स्थायी रूपमा एकै ठाउंमा नबसी समय समयमा एक ठाउँबाट अर्को ठाउँमा बसाई सर्नु राउटेहरूको विशेषता नै हो । विशेष गरी धार्मिक, सामाजिक, सांस्कृतिक र मौसमका आधारमा यिनीहरू एक ठाउंबाट अर्को ठाउँमा बसाई सराई गर्ने गर्दछन् ।

घुमन्ते राउटे समुदाय प्राय एकान्त ठाउँमा बस्न रूचाउने भएकाले गाउँवस्तीहरूमा कमै मात्रामा देखापर्ने गर्दछन् । यी घुमन्ते राउटेहरू मुख्यतया सुदुरपश्चिम प्रदेशको अछाम जिल्ला, कर्णाली प्रदेशको जाजरकोट, दैलेख, सल्यान, कालिकोट, सुर्खेत तथा लुम्बिनी प्रदेशको दाङ आदि जिल्लाहरूमा घुमफिर गर्दै बसोबास गर्दछन् । अहिलेसम्मको अभिलेख हेर्दा कम्तिमा तीन दिन र धेरैमा एकसय पन्ध्र दिनसम्म एक ठाउँमा बसेको देखिन्छ । आधुनिक जीवन शैलीप्रति त्यति आकर्षित नदेखिने राउटे समुदाय खाम्ची भाषाको प्रयोग गर्छन । राउटे समुदाय आधुनिक कृषि पद्धति, स्थायी बसोबास र पठनपाठन गर्ने कार्यलाई हालसम्म पनि स्वीकार्न सकेका छैनन् तथापि बाह्य मानिसहरूको प्रभावले यिनिहरूको जीवन शैली, खानपान तथा रितिरिवाजमा नकारात्मक परिवर्तन आएको देखिन्छ । जसले उनीहरूको अस्तित्वमा समेत प्रश्न उठिरहेको छ (साहु, २०१९ र यासिन, २०१७) राउटेको यावत कुराहरूमा केही राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता तथा संघसंस्थाहरूले अध्ययन अनुसन्धान पनि गरेका छन् । केही अनुसन्धानकर्ताहरू अझै अध्ययनमा लागि परेका छन् ।

राउटे समुदायका लागि नीतिगत क्षेत्रमा प्रर्याप्त अध्ययन अनुसन्धान हुन सकेको छैन । कतिपय प्रयास गरिएता पनि ठोस नीति नै बन्न सकेको छैन । कर्णाली प्रदेश सरकारले आफ्नो नीति, कार्यक्रम तथा बजेट मार्फत लोपोन्मुख राउटे समुदायका मुद्धाहरूलाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ । संघीय, प्रदेश र स्थानीय तह सरकारका मातहतका निकायहरूवाट यस सम्बन्धी विविध कार्यक्रमहरू संचालन भैरहेका छन् । साथै गैरसरकारी संघ संस्थाहरूले पनि आआफ्नो स्रोत साधन तथा क्षमता अनुसार राउटेहरूको हित हुने कार्यहरू गरिरहेका छन् । तर पनि अपेक्षित नतिजा प्राप्त गर्न सकिएको छैन । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको प्रयासका वावजुद राउटे समुदायको संरक्षणमा अपेक्षित सुधार हुन सकेको देखिदैन ।

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बनिसकेका सन्धि वा

सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने क्षेत्राधिकार तोकिएको छ । साथै, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले मानव अधिकार सम्बन्धित प्रचलित कानूनको कार्यान्वयन स्थितिको अनुगमन गर्ने तथा सो को प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष गर्ने कानूनी व्यवस्था अनुसार राउटे समुदायको सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्ताबेजहरूको अध्ययन, सर्वेक्षण, स्थलगत अनुगमन, सरोकारवालासँग परामर्श गरी राउटे समुदायको परम्परागत आदिवासीय अभ्यास, परम्परागत स्वशासन, रैथाने ज्ञान, सीप, सांस्कृतिक सम्पदा आदिमा ह्रास आइरहेको हुँदा राउटेको रैथाने तरीकाले जिउने शैलीलाई संरक्षण तथा सम्वर्धन गर्नको लागि नीतिगत निर्णय गरी ठोस कार्यक्रमहरू गर्नु गराउनु पर्ने देखिएकाले आयोग र सेसोक, नेपालको सहकार्यमा यो अध्ययन गरिएको छ ।

१.२. समस्याको कथन

राउटे समुदायको बारेमा केहि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानकर्ता, विज्ञ तथा प्राज्ञहरूले अध्ययन अनुसन्धान गरेको पाइन्छ, जस्तै बिस्ट (१९७८), गुरूङ (१९८०), गुरूङ (२०००), गुरूङ, रावल र बिस्ट (२०१४), खड्का (२०१७), राना (२०१०), रेन्हार्ड (१९७४), साहु (२०१९), यासिन (२०१७) आदि अनुसन्धानले राउटेको विविध पक्षहरूलाई आआफ्नो अनुसन्धान मार्फत उजागर गरेका छन् । राउटेहरूको घुमन्ते जीवन, संस्कृति, रितिरिवाज, बसोबासको अवस्था, ज्ञान तथा सीप, जीविकोपार्जनको शैली, शिक्षा र स्वास्थ्य अवस्थाको बारेमा अनुसन्धानमुलक लेख मार्फत प्रकाश पारेका छन् । तर राउटे समुदायको अवस्थालाई मानव अधिकारको दृष्टिकोणबाट हालसम्म अध्ययन भएको पाइदैन ।

घुमन्ते-फिरन्ते राउटेको बारेमा सरकार, गैरसरकारी संस्था, नागरिक समाज, आम नागरिकको स्पष्ट धारणा अभाव देखिन्छ । साथै व्यवहारिक रूपमा राउटे समुदायमा भएको राम्रो अभ्यासहरूलाई संरक्षण तथा सम्बर्धन गर्नमा कम तत्परता देखाएको देखिन्छ । यो समुदायलाई तत्कालको लागि केहि अल्पकालिन सहयोग प्राप्त गरेको देखिन्छ यद्यपि दिर्घकालिन योजना तथा कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन भएको देखिन्न । तसर्थ, यस अध्ययन अनुगमन प्रतिवेदनले दिर्घकालीन रूपमा आधार तय गर्ने अपेक्षा गरिएको छ । यो समस्याको कथनबाट तपसिलका प्रश्नहरू निकाल्न सकिन्छ ।

१. राउटे समुदायले व्यवहारिक रूपमा भोगेका समस्याहरूको बारेमा उनीहरू कै धारणा कस्ता कस्ता छन् ? समस्याहरू उनीहरूको आफै सृजित हुन् कि सरकारी नीति, आधुनिक समुदायहरू, नीजि क्षेत्र, गैरसरकारी आदि पनि जिम्मेवार छन् ?

२. राउटेहरूको आदिवासी अभ्यास, मौलिक संस्कृति, मौलिक सम्पदा, प्रथाजन्य ज्ञान, सीप र कलाहरू कस्ता कस्ता छन् र उनीहरूको सोच के छ ? यसलाई कसरी दिगोपना दिन सकिन्छ ?

३. राउटे समुदायमा रहेका समस्या उनीहरूबाटै मात्रै सृजित हुन कि बाह्य व्यक्ति, समाज, गैरसरकारी संस्था, सरकारी नीति, नियम पनि हुन् । राउटे समुदाय बाहेक अन्य पक्ष जिम्मेवार छ कि छैन ? उनीहरूको प्रभावकारी संरक्षणका लागि के कस्ता नीतिहरू आवश्यक हुन् ?

१.३. अध्ययनको उद्देश्य

कर्णाली प्रदेशमा घुमन्तेफिरन्तेको रूपमा रहेका लोपोन्मुख अल्पसंख्यक आदिवासी जनजातिबारे अध्ययन अनुगमनको उद्देश्य निम्नानुसार रहेको छ ।

१. कर्णाली प्रदेशमा घुमन्तेफिरन्ते जीवनशैलीमा रहेको राउटे आदिवासी जनजातिको बृहत अवस्थालाई मानव अधिकारको दृष्टिकोणबाट अध्ययन गर्ने ।

२. उनीहरूको मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धनको लागि के कस्ता नीतिगत अभाव तथा सामस्याहरू रहेका छन् सो को पहिचान गर्ने ।

३. संघीय, प्रदोशिक र स्थानीय सरकारबाट भएका प्रयास तथा पहलबारे बुझ्ने ।

४. आदिवासी जनजातिको अधिकार मानव अधिकारको विषय भएकाले यसको सम्मान, संरक्षण, संवर्द्धन तथा प्रभावकारी कार्यान्वयनका लागि उचित उपाय पहिल्याउने ।

१.४. अध्ययनको महत्व

यस अध्ययनले नेपालमा पृथक जीवनशैलीमा रहेका आदिवासी जनजाति राउटे सम्बन्धी नीति निर्माणको मार्गनिर्देशन रूपमा काम गर्न सक्दछ । उनीहरूका लागि सरकार, समाज, नीजि र गैरसरकारी संस्थाहरूको स्पष्ट नीति, योजना र

कार्यक्रम कार्यान्वयनका लागि योगदान पुग्दछ । राउटे आधुनिक समाजका हरेक क्रियाकलापको दायरा भन्दा बाहिर छन् । घुमन्ते राउटेको एक पृथक आदिवासी अभ्यासको निरन्तरताको लागि पनि योगदान हुन सक्दछ । यसले घुमन्ते-फिरन्ते समूहलाई हेर्ने नीतिगत योजना समुदाय अनुरूप तर्जुमा गराउन मद्धत गर्न सक्दछ । राउटेसँग भएका ज्ञान र सीपलाइ अध्ययन गरी उनीहरूकै बिकास तथा समाज विकासमा के भूमिका सुन सक्दछ भन्ने कुरा पनि उजागर हुन सक्दछ । समग्रमा अध्ययनको नीतिगत सिफारिस कार्यान्वयनले एक लोपोन्मुख आदिवासी जनजातिको मानव अधिकार संरक्षण र संवर्द्धन गर्न सकिन्छ ।

१.५. अध्ययनको सैद्धान्तिक आधार

विभिन्न आँकडालाई हेर्दा मानिस कहिलेदेखि घर परिवार तथा समुदाय र समाज बनाएर बसे भन्ने कुरामा फरक फरक धारणा छन तर धेरैले मानेको भने अहिलेको आधुनिक मानिसको पूर्बज करीव करीब ४००० देखि ५००० हजार बर्ष पहिले करिव करिव ९५ प्रतिशत भन्दा बढी घुमन्ते-फिरन्ते अबस्था मै थिए । यसले के देखाउंछ भने मानिसको परिवर्तन अपरिहार्य छ । त्यसैले यो कुरालाई मध्यनजर गर्दै र राउटेको वर्तमान अवस्थालाइ विश्लेषण गर्नको लागि नाइजेल (२०२०) ले प्रस्तुत गरेको न्यारेटिभ अप्रोच (Narrative Approach) प्रयोग गरिएको छ । यस सिद्धान्तको मूल ध्येय भनेको कुनै समुदायको संस्कृतिलाइ नबिगारिकन त्यो समुदायमा परिबर्तन गर्नु पर्दछ । यो सिद्धान्त अनुरूप पनि कुनै समुदायको चलनचल्ती मासिदै जानु भनेको उसको अस्तित्वमा ह्रास आउनु हो । राउटेको बारेमा धेरै चर्चा परिचर्चा भएका छन् र हुन्छन पनि । विज्ञहरू संगको परामर्शमा एकथरी विज्ञहरूले राउटेलाई जुन अबस्थामा छन् त्यस्तै छोड्नु पर्छ, अर्काथरी विज्ञहरूले राउटेलाई स्थाई बसोबास गराउनु पर्दछ र उनीहरूको परिचय खुल्ने गरि नागरिकता तथा परिचयपत्र दिनु पर्छ भन्ने मत पाइएको छ । केहि बिज्ञहरू भने उनीहरूलाई बिस्तारै केहि सेवा सुबिधा दिंदै जाने र दिर्घकालिन सोच गराई स्थाई बसोबास गराउने तर उनीहरूको संस्कृति बचोस । संसारका आधुनिक मानिसको इतिहास हेर्दा पनि घुमन्ते-फिरन्ते जीबनबाट नै आधुनिक भएको तथ्यले पुष्टि हुन्छ । परिबर्तन अपरिहार्य सर्त हो । त्यसकारण नाइजेलब (२०२०) को न्यारेटिभ एप्रोच (Narrative Approach) उपयुक्त सिद्धान्त हो । अर्को तर्फ नीति निर्माणको आधारहरू तीनवटा मानिन्छ । पहिलो सिद्धान्त इन्टिच्युसनल

थ्येरी (Institutional Theory) हो, जसले कुनै संस्थामा लामो समय काम गर्ने मानिसहरूको अनुभव, ज्ञान, सीप, आदिको आधारमा नीति निर्माण गर्न सकिन्छर दोश्रो सामाजिक अभियान हो, जसले कुनै नीति बनाउनु पर्दा गैरसरकारी तथा अन्य निकायहरूले सरसल्लाह सुझाव अनि आन्दोलन आदिको आधारमा पनि नीति बनाउन वा परिबर्तन ल्याउन सकिन्छ र तेश्रो नीति अनुसन्धान हो, यसको गहन अध्ययनको आधारबाट आएको परिणाम वा निष्कर्षबाट पनि नीति निर्माण गर्न वा परिवर्तन लिन सकिन्छ । राउटेको नीति निर्माणका लागि तेश्रो सिद्धान्तलाइ अङ्गीकार गरिएको छ । अध्ययन अनुगमन निश्कर्षलाई नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सकिन्छ ।

१.६. अध्ययन विधि

यस अध्ययन अनुगमनको लागि विविध विधिहरू अपनाइएका छन् । अध्ययनलाई तथ्यपरक र विश्वसनीय बनाउनको लागि यस अघि राउटे सम्बन्धी गरिएका अध्ययनका दस्ताबेजहरू, अनुसन्धान मुलक लेख तथा रचनाहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन, नीति, योजना, तथा कार्यक्रम, लगायतको पुनरावलोकन गरिएको छ । यस अन्तर्गत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले तयार पारेका दस्तावेज तथा तथ्यहरूको पनि समीक्षा गरिएको छ । विज्ञका उपयुक्त विचार तथा तथ्यहरूको सिकाइहरूलाई यो अनुसन्धानमा समाबिष्ट गरिएको छ । विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चक्रमा नेपाललाई प्राप्त सुझाव र दिगो विकास लक्ष्यको परिणात्मक लक्ष्यको कार्यान्वयन अवस्था पनि तुलना गरिएको छ । परिणात्मक र गुणात्मक दुवै पक्षको मिश्रित रूपमा अध्ययन गरिएको छ । प्राथमिक र द्वितिय तथ्यांकहरू अध्ययन प्रतिवेदनमा प्रयोग गरिएको छ ।

साथै, अनुसन्धानको लागि तयार गरिएका अध्ययन अनुगमन रूजुसूचिको आधारमा आवश्यकता अनुसारको सुचना संकलन गरिएको छ । अध्ययनको एथ्नोग्राफीक विधिको प्रयोग गरिएको छ । किनकि हल्स्त र उनका साथीहरू (२०१५) ले भने जस्तै एथ्नोग्राफी कुनै अवस्थाको बिस्तृत व्याख्या तथा जानकारी दिन्छ र कुनै ठाउं वा अवस्था अनुसार तथ्य र अर्थ निकाल्न सकिन्छ । यो अध्ययनमा राउटे र उनीहरूको अवस्थाको बारेमा बिस्तृत जानकारी लिन खोजिएको छ । राउटेको दैनिकी के छ, जिउने तरीका के कस्ता छन् र कस्ता कस्ता क्रियाकलापहरू गर्दछन भन्ने कुरालाइ उजागर गर्न कोसिस गरिएको छ ।

त्यसै गरी मर्लिज्न (२०२०) एथ्नोग्राफीले मानिसहरूको भनाइलाई व्याख्या गर्दछ । यस अनुसार यो अध्ययनमा राउटेको भनाइ तथा बुझाइलाई पनि आधार मानिएको छ । बेह्रेंसाउसेन (२०१९) ले लेखेका छन् कि जति राम्रो मानिसको भनाइहरू आयो त्यसले यथार्थ कुरालाइ उजागर गर्दछ । अध्ययनमा जति विषयहरू प्रस्तुत गरिएका छन्, त्यसको मुख्य आधार राउटेहरूको भनाइ तथा बुझाई नै हो ।

खासगरी यो प्रकृया अनौपचारिक रूपमा गरिएको हो किनकी यसले सूचना संकलन गर्नको लागि सहज र सरल भएको छ । अध्ययन अनुगमन टोलीले स्थलगत अध्ययन अनुगमन पनि गरेको छ । जसले राउटे समुदायको दैनिक क्रियाकलापको सूक्ष्म अध्ययन गर्न सहयोग पुगेको छ । स्थलगत अध्ययन तथा अवलोकनबाट उनीहरूको रहन सहन, काम गराई, चलनचल्ती तथा साँस्कृतिक प्रथाबारे जानकारी प्राप्त भएको छ । यसका साथै छलफल तथा परामर्श विधि पनि अपनाइएको छ । यस विधि अन्तर्गत घुमन्तेफिरन्ते र स्थायी रूपमा बसोबास गरेका राउटेबारे जानकार व्यक्ति, गैरसरकारी संस्था, मानव अधिकार रक्षकलगायतहरूसँग छलफल गरी सुचना तथा सुझाव संकलन गरिएको छ । संघीय सरकारका सम्बन्धित निकाय, प्रदेश सरकार र स्थानीय सरकारका प्रतिनिधिसँग परामर्श गरिएको छ । साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूसँग, छलफल तथा परामर्श गरिएको छ, जसले सत्यतथ्य कुरा हासिल गर्न सहयोग गरेको छ ।

केहि हदसम्म राउटेको रैथाने ज्ञान र सीप के हो भन्ने कुरा थाहा पाउनको लागि आदिवासी दृष्टिकोणबाट पनि राउटेको अध्ययन तथा विश्लेषण गर्ने कोसिस गरिएको छ । यसमा चिलिसा (२०१२) ले लेख्नु भएको आदिवासीय अध्ययन विधिको आधार पनि लिएको छ । उनीहरूको ज्ञान सीप विवरणलाई प्रयोग गर्ने कोसिस गरिएको छ । अध्ययनमा उनीहरूकै ज्ञान र अनुभवलाई पनि उजागर गर्ने कोसिस गरिएको छ । उनीहरूले के सोच्दछन भन्ने कुरालाई समेट्ने कोसिस गरिएको छ ।

अर्कोतर्फ तथ्यांक संकलन विधि अन्तर्गत सम्पूर्ण राउटे समुदायको जनसंख्या लिनको लागि तथ्यांकीय विधि अपनाइएको छ । यो समुदायको संख्या सानो भएकोले जनगणना विधिको प्रयोग गरिएको हो । राउटेको जनसंख्या सानो भएको हुनाले यो विधि सजिलै प्रयोग गर्न सकिएको पनि हो । राउटे समुदायको

यो अध्ययन मुलत गुणात्मक अध्ययन विधिमा आधारित छ तर सानो समुदाय भएको हुनाले संख्या पनि राखिएको छ, जसले केही परिणात्मक अध्ययन विधिको पनि झल्को दिएको छ । यसको अर्थ दुवै विधिलाई केही मात्रामा मिश्रण गर्ने कोसिस गरिएको छ ।

१.७. अध्ययन टोली

राउटेको मानव अधिकार अवस्था अध्ययन कार्य राष्ट्रिय मानव अधिकार आयोगले सोसेक, नेपालको सहकार्यमा गरेको हो । अध्ययन टोलीमा आयोगका सहसचिव नवराज सापकोटको संयोजकत्वमा, सहसचिव बुद्धनारायण साहनी केवट, मानव अधिकार अधिकृत कुमारी शरणा उरांव र मानव अधिकार अधिकृत किरणकुमार बराम, काठमाडौ विश्वविद्यालयबाट डा. पूर्ण बहादुर नेपाली र डा. लालबहादुर पुन तथा सोसेक, नेपालका कार्यकारी निर्देशक हिरासिं थापासहितको टोली सहभागी रहेको थियो । आयोगको कर्णाली प्रदेश कार्यालय, सुर्खेतबाट उपसचिव लोकनाथ वास्तोला, मानव अधिकार अधिकृत धनराज शाही र मानव अधिकार अधिकृत नरेन्द्र खत्री सहभागी रहेका थिए । अध्ययन प्रतिवेदन लेखनमा मानव अधिकार अधिकृत किरणकुमार बराम र डा. लालबहादुर पुन सहभागी भएका छन् ।

१.८. अध्ययनको सिमा

राउटेको बारेमा अध्ययन टोलीले विभिन्न पक्षको अध्ययन गरेको छ । राउटेको बृहत मानव अधिकारको विषयमा अध्ययन गरिएको छ । राउटेको बृहत मानव अधिकार अवस्था कस्तो छ ? उनीहरूको मानव अधिकारको प्रभावकारी संरक्षण तथा सम्बर्द्धनमा संघीय सरकार, कर्णाली प्रदेश सरकार तथा सम्बन्धित स्थानीय तहको भूमिका कस्तो छ ? तीनवटै सरकारहरूले के कस्ता नीति तथा कानून अवलम्बन गरेका छन् । तिनको कार्यान्वयन अवस्था कस्तो छ ? कार्यान्वयनको क्रममा के कस्ता नीतिगत तथा कानूनी समस्या देखिएका छन् ? प्रभावकारी संरक्षणका लागि के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा अध्ययन केन्द्रित रहेको छ । यो अध्ययन नेपालमा विभिन्न स्थानमा स्थायी बसोबास गरेका राउटेको बारेमा नभई कर्णाली प्रदेशमा घुमन्ते-फिरन्ते जीवनशैलीमा रहेका राउटेमा मात्रैमा सिमित गरिएको छ ।

अध्याय दुई
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र मापदण्ड

२.१. अन्तर्राष्ट्रिय अभ्यास

यो अध्यायमा एशिया, युरोप, अफ्रिका तथा दक्षिण अमेरिकी देशहरूमा भएका घुमन्ते-फिरन्ते समुहहरूको बारेमा गरिएका अध्ययनलाई प्रस्तुत गरिएको छ । अनुसन्धानको क्रममा संसारका घुमन्ते-फिरन्ते र तिनीहरूको बारेमा गरिएका अभ्यासहरूको पनि केही जानकारी लिइएको छ र राउटेको अवस्थासंग तुलना गर्ने प्रयास गरिएको छ । राउटेको अवस्थालाइ उजागर गर्ने कोसिस गरिएको छ । यी अध्ययनहरूबाट हाम्रो देशमा राउटेको अवस्थासँग समानता र फरक के कस्ता छन् भन्ने पनि बुझ्ने कोसिस गरिएको छ भने यहि अध्ययनको क्रममा विभिन्न देशका घुमन्ते-फिरन्तेहरूको अवस्थालाइ पनि प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

मानव इतिहासले के देखाएको छ भने आधुनिक मानवको पुवजहरू पनि घुमन्ते-फिरन्ते अवस्था मा थिए । विस्तारै उनीहरू भूगोलको विभिन्न स्थानमा स्थायी रूपमा बस्न थाले भने कतिपय अझै पनि घुमन्ते-फिरन्ते अवस्थामै रहेका छन् । यसै सन्दर्भमा ओलाँदो (२०१९) लेखेका छन कि मानव इतिहास हेर्दा कृषिको बिकाश हुनु अगाडी आधुनिक मानवको पूर्बजहरू पनि घुमन्ते-फिरन्ते जीवन व्यतित गर्दथे भने अहिले केही घुमन्ते-फिरन्ते समूहहरू मात्रै पृथ्वीमा घुम्ने गरेको पाइन्छ । उनीहरूले जीविकोपार्जनको लागि पशुहरू पनि संगसंगै हिँडाउने गर्दछन् । उनीहरूले आफ्नो प्राचिन सांस्कृतिक विश्वास र ब्यवहारलाई जीवित राख्नको लागि कडा परिश्रम गर्नु पर्दछ । तसर्थ यस्ता घुमन्ते-फिरन्ते समुदायहरूलाई सम्मान र संरक्षण गर्न जरूरी छ किनकी यदि यिनीहरू लोप भए भने हाम्रो प्राचिन मौखिक इतिहास, सुन्दर कला र भाषाहरू लोप हुन्छ । यी समुदायहरूको कारण दिगो पर्यटनको विकास भइ आर्थिक र जीवन शैलीमा परिबर्तन आएको छ । पर्यटकहरूले घुमन्ते-फिरन्तेहरूको जीविकोपार्जन कति महत्वपूर्ण छ भन्ने कुरा संसारलाई सुसूचित गर्दछन् भने पर्यटकहरूले घुमन्ते-फिरन्तेहरूको जीवन शैलीमा नकारात्मक असर पनि पारेको छ । त्यसकारण घुमन्ते-फिरन्तेको समस्या आधुनिक मानव समाजको समस्या हो वा उनीहरू कै समस्या हो भन्ने थाहा हुन जरूरी छ ।

कतिपय विज्ञहरूको अनुसार अझै पनि संसारमा ३० देखि ४० लाख घुमन्तेफिरन्तेहरू छन् भन्ने विश्वास छ । घुमन्तेफिरन्तेहरूलाइ तीन समूहमा बर्गीकरण गरिएको छ । जस्तैः सिकारी घुमन्तेफिरन्तेहरू, पशुपालक घुमन्तेफिरन्तेहरू र व्यापारिक घुमन्तेफिरन्तेहरू । तोइर्केन्स (२०११) को अनुसार, घुमन्तेफिरन्तेहरूको प्रकृतिसंगको अन्तरघुलन बलियो देखिन्छ किनकि उनीहरू प्रकृतिसंग नजिक हुन्छन । तर यिनीहरू पर्यावरणीय परिबर्तनसंगै आधुनिकरण र औधोगीकीकरणसंग जुधिरहेका छन् भने आधुनिक प्रबिधि प्रति आकर्षित छन् । भिन्न खालको रोगबाट ग्रसित, खानपानमा परिवर्तन र मध्यपानको लतमा लागेको पाइन्छ । त्यसै गरि तोइर्केन्स (२०११) अगाडी थपेका छन् कि घुमन्तेफिरन्तेहरूले अत्यधिक मध्यपानको लत र पहिचानको बारेमा संघर्ष गरिराखेका छन् । मध्यपानको समस्या कतै न कतैबाट आएको हुनु पर्दछ । जीवनमा नयाँ नयाँ परिवर्तनले पनि यो समस्या ल्याएको हुन् पर्दछ । उनीहरूको संस्कृति लोप हुँदै गएको छ । खासगरि युवा पिँढी मध्यपानको लतसंग संघर्ष गरिरहेका छन् । अब निर्णय गर्ने बेला आयो कि आफ्नो परम्परागत जीवनशैलीलाई निरन्तरता दिने कि आधुनिक प्रविधि र पश्चिमा संसारमा घुमन्तेफिरन्तेहरूले भर पर्ने ? स्थलगत अध्ययन, राउटे सम्बन्धी जानकारहरूको भनाइ, प्रत्यक्षदर्शी, अनुसन्धान दस्तावेज तथा विभिन्न संचार माध्यमको अनुसार नेपालको राउटेको अवस्था पनि आधुनिक समाजको प्रभावले मध्यपान र धुम्रपानको लत बस्दै गएको छ । यसै सन्दर्भमा अफ्रिका र दक्षिण अमेरिकी महादेशको घुमन्तेफिरन्तेहरूको अवस्था र राज्यहरूको भूमिकाको बारेमा व्याख्या गरिएको छ । जसबाट केही सिकिएको छ भने सो सिकाइलाई राउटेको अवस्थासंग तुलना गरिएको छ ।

२.१.१. एसिया महादेशका घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका

एसिया महादेशको विभिन्न देशहरूमा घुमन्ते-फिरन्तेहरू रहेको पाइन्छ । नेपालको छिमेकी देश भारतको हिमाञ्चल प्रदेशको गाउँहरूमा बस्ने गद्दी समुदाय पनि अर्धघुमन्ते-फिरन्ते समूहहरू छन् । जो जाडो मौसममा तलको गाउँमा झर्छन भने गर्मी मौसममा भने आफ्ना भेंडा, बाख्रा, र खच्चडहरूलाई चराउनको लागि उच्च हिमालको घाँटीबाट ओहोर दोहोर गर्छन । यी मुस्लिम अर्धघुमन्ते-फिरन्तेको क्षेत्र भने सिमित छ र यिनीहरूको भविस्य अनिश्चित छ । भारत सरकारले

भारतीय वन कानुन सन् १८६५ मा बनाए पछी यिनीहरूलाई कठिनाइ आइलाग्यो । जसले गर्दा यिनीहरूले उपयोग गर्ने वन, जंगल तथा स्थानहरूलाइ सहज रूपमा प्रयोग गर्न नसक्ने अवस्था भयो । यिनीहरूले सबै जसो हातले बनाएका कपडाहरू र गरगहनाहरू लगाउँछन् । यिनीहरूमा जस्तै नेपालका राउटेको पनि आफ्नै जीवनशैली छ । यिनीहरूले पनि आफैले बनाएका सामाग्रीहरू प्रयोग गर्दछन् ।

आज पनि तीनदेखि छ करोड जति मंगोलहरू चीनको उत्तरी सीमा, रूस र मंगोलियाको भित्रि उपत्यकामा बस्छन । जसमध्ये ठुलै मंगोलियनहरूको समूह पूर्ण रूपमा घुमन्ते-फिरन्ते जीवन बिताइ रहेका छन् । जसले भेडाको बथान, याक, बाख्रा, घोडा, उँट र कुकुरहरू राखेका हुन्छन भने तिनीहरू अस्थाई घरहरू बनाएर बस्दछन । त्यसैगरी मंगोलियाको उत्तरी क्षेत्रमा ताटन रिइन्दर गोठालाहरूको सानो समूह छ । जसको ४० परिवार छ र यिनीहरूको अनुमानित जनसंख्या १३० जति भएको अनुमान छ, जसको पेशा जनावर पाल्ने र बर्षको १० पटक सम्म एक ठाउँबाट अर्को ठाउंमा घुम्ने गर्छन । यिनिहरू पनि लोपोन्मुख समूहहरू हुन् । यिनीहरू सुख्खा घाँसे मैदानमा बस्छ, जो प्राकृतिक श्रोत साधनमा धनी छ । विस्तारै केहि घुमन्ते-फिरन्ते समुहहरू सहर पनि छिरी सकेका छन् र उनीहरूले आधुनिक प्रविधिको स्वाद लिईसकेका छन । जस्तै मोटरबाइक चलाउने, मोबाइल फोन प्रयोग गर्ने र आधुनिक वस्तुहरूको उपभोग गर्ने गर्दछन् । त्यसको बाबजुद पनि उनीहरूले आफ्नो रैथाने चलन चल्ती र संस्कृति बचाउन हरदम कोसिस गरेको पाइन्छ । सरकारले उनीहरूलाई हेर्न र उनीहरूसंगै केहि समयको लागि बस्न अनुमति दिएको छ ।

केहि दस्ताबेजहरूका अनुसार अफगानिस्तानको दक्षिण पुर्वी क्षेत्रमा कोची घुमन्तेफिरन्तेहरू छन् । वास्तवमै घुमन्तेफिरन्ते ती हुन, जो अन्य मानवसंग सम्पर्कमा छैनन् र गर्दैनन् । अर्को थरी अर्ध घुमन्तेफिरन्तेहरू छन् जो पर्यावरण राम्रो भएको समयमाविभिन्न ठाउंमा आफ्ना पशुहरू लगेर घुमघाम गर्दछन । तेश्रो थरी घुमन्तेफिरन्ते व्यापारीहरू छन्, जसले आफ्नो जनावरहरूको मासु, दुध र ऊनलाइ अनाज र सागसब्जीसंग साटासाट गर्छन र गाउँमा फर्कन्छन । तर आधुनिक बाटोघाटोको कारणले घुमन्तेफिरन्तेहरूको परम्परागत जीबनशैलीमा परिबर्तन आइरहेको छ । अफगानिस्तानको घुमन्ते-फिरन्तेहरूको बारेमा केर र लक (२०१०) ले भनेका छन् कि अफगानिस्तानको संविधानको भाग १४ मा कुची

घुमन्ते-फिरन्ते समूहको आर्थिक, सामाजिक र जीवन धान्न प्रभावकारी कार्यक्रम तर्जुमा गर्ने, उनीहरूको बासको व्यववस्था गर्ने र राज्यको मूलधारमा ल्याउने कुरा लेखेका छन् । राज्यले कुची घुमन्ते-फिरन्तेहरूको बारेमा केहि कानुनी प्राबधानहरू बनाएको देखिन्छ । नेपालको राउटे समुदायको लागि पनि सरकारले कुनै ठोस नीतिगत कार्यक्रहरू नल्याए पनि केहि अल्पकालीन कार्यक्रमहरू गरिराखेको छ । साथै, राउटेको लागि केहि प्रयास गरिरहेको छ ।

अर्कोतर्फ एसिया महादेशकै इजरायलमा नेगेव मरूभूमिमा अर्ध घुमन्तेफिरन्ते बेड़ोउइनहरू इजरायलको उत्पत्ति भन्दा अगाडि नै त्यही क्षेत्रमा घुमफिर गर्दथे । अहिले सम्म पनि उनीहरूमध्ये कतिपयले परम्परागत तथा रैथाने जीवन पद्धति र पेशाहरू जस्तैः पशुपालन र सामान्य कृषि गरि रहेका छन । सरकारले यिनीहरूलाई स्थायी रूपमा राख्न खोजेको पाइन्छ तर यिनीहरू आफ्नो परम्परा अनुसार घुमन्ते-फिरन्ते जीबन नै बाँच्न चाहन्छन् । साथै १९६० तिर इजरायल सरकारले बेड़ोउइन घुमन्ते-फिरन्ते समुहलाई छरपस्ट हिडडुल गर्नबाट रोक्नको लागि कुनै ठाउँ दिने र स्थायी बसोबास गराउने नीति ल्यायो तर उनीहरूले परम्परागत शैलीमा बस्न र घुमघाम गर्नको लागि संघर्ष गरे र यो कुराको सुनुवाई सरकारले गर्यो । आजपनि बेडोउइन समुदायको जनसंख्या २६०,००० छ (मेदि् जनी, २०१२) । बेडोउइनको बारेमा मिहलर (२०११) यसरी लेखेका छन् कि अर्धघुमन्ते-फिरन्ते बेड़ोउइन बारेमा इजरायली सरकारले केही योजना बनाएर स्थायी रूपमा बसाउन खोजेको देखिन्छ तर उनीहरूसँग सहभागितात्मक तरिकाले छलफल नगरी योजना बनाउंदा र नीति निर्माण गर्दा बेड़ोउइन समूहले अस्वीकार गरेको देखिन्छ । सरकार र बेड़ोउइनको बिचमा असहमति भएको देखिन्छ । बेड़ोउइन समुदायले उच्च स्तरको गरिबी, बेरोजगारी तथा कमजोर शैक्षिक समस्याहरू भोगेको देखिन्छ (मिहलर, २०११) । यसरी हेर्दा नेपाल सरकारले पनि राउटे सम्बन्धी कुनै पनि नीति, योजना तथा कार्यक्रम ल्याँउदा/घोषणा गर्दा सहभागितात्मक तरिकाले गर्दा राम्रो हुने देखिन्छ ।

एसियाकै इरानको घुमन्ते-फिरन्तेहरूको बारेमा बोदोन (२०१६) यसरी लेखेका छन् कि इरानका घुमन्ते-फिरन्ते कवास क्यीहरूमा पनि आधुनिकीकरणको प्रभाव परेको देखिन्छ । बोदोन (२०१६) अगाडि पुरानो र आधुनिक घुमन्ते-फिरन्ते समुदाय भनेर पनि व्याख्या गरेका छन् । एकथरी पुरानो जीवनशैली अपनाएर

बस्ने समुदाय जस्तै कवास क्यी परम्परागत घुमन्ते-फिरन्ते समुदाय हुन् भने आधुनिक घुमन्ते-फिरन्ते भनिएका अन्य समुदाय पनि आर्थिक र राजनीतिक कारणले घुमफिर गर्ने गर्दछ्न । उनले भनेका छन् कि रैथाने शिक्षाले कवास क्यीले प्राकृतिक श्रोत साधन कसरी प्रयोग गर्ने भन्ने कुराको ज्ञान र सीप दिन्छ भने सिक्षाले नै कवास क्यीमा आर्थिक समृद्धि ल्याउदछ (बोदोन, २०१६) केही मात्रामा इरानमा अर्को पनि घुमन्ते-फिरन्ते समूहहरू छन । यो घुमन्ते-फिरन्ते समुदाय क्वास्काइ हो, जो पशुपालक घुमन्ते-फिरन्ते समुदाय हो । यिनीहरूले धेरै समय पर्यावरण परिबर्तनसंग जुध्ने र खडेरीदेखि बाढी पहिरोसँग बच्ने पद्धतिको विकास गरेका छन् । क्वास्काइ घुमन्ते-फिरन्ते दक्षिणपश्चिम इरानमा बस्दछन, यिनिहरूले विभिन्न थरिका पशुहरू पाल्छन, जसमा भेंडा, बाख्रा, उँट, गधा र घोंडा हरू हुन्छन् । आफ्नो ठाउँमा कसरी जनावरको सिकार गर्ने भन्ने ज्ञान मात्र होइन यिनीहरूले खडेरीको पुर्वसंकेत् र यसको पूर्वतयारीको बारेमा पनि जानकार हुन्छन । तिनीहरूले सयौं बर्ष देखि घुमन्ते-फिरन्ते जीवनको रमणीयतामा रमाई रहेका छन् । आजभोली धेरै जसो क्वास्काइ घुमन्ते-फिरन्ते समूहहरू घुमघाम भन्दा गाउँमा बस्न थालेका छन् । यिनीले बुनेको कार्पेट अत्यन्त प्रसिद्ध छ । यस्तै नेपालको राउटेको काठको सामग्री निमार्ण तथा वेतविखन गर्दछन् ।

२.१.२. युरोप महादेशको घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका

युरोप महादेशमा पनि केही केही घुमन्ते-फिरन्ते समूहहरू छन् । एसकेन्दिनाभिएन देशहरू जस्तै फिनल्याण्ड, नर्वे तथा स्विडेन अनि रूसमा गरी अझै सम्म पनि करिव एक लाख अर्धघुमन्ते-फिरन्ते समीहरू भएको पाइन्छ । यी देशहरूमा बस्ने अर्धघुमन्ते-फिरन्ते समीहरूको भाषा उस्तै भए पनि बानी व्यवहार फरक छ । उनीहरू रिइन्दियेर भन्ने जनावर पालेर आफ्नो जीविकोपार्जन गर्ने गर्दछन् । राज्यले उनीहरूको जीवन पद्धति जोगाउन र संरक्षणको लागि नीति र कानूनहरू बनाएको छ तर पनि विकाशको कारणले उनीहरूको जीबन पद्धतिमा अतिक्रमण भएको छ । नर्वेले आफ्नो करास्जोक सहरमा समी संस्कृति पार्क नै बनाएको छ, जसमा अर्धघुमन्ते-फिरन्ते समीहरूले अगेनोको छेउमा बसेर कसरी खाना खान्छन भन्ने देखाएको छ भने कुकुरहरूलाई यातायातको साधनको रूपमा कसरी प्रयोग गर्छन भन्ने पनि देखाएको छ । आफ्नो झुप्रोमा कसरी सुत्छन्

भन्ने कुराहरू पनि देख्न सकिन्छ । नर्वेले नीतिगत रूपमा नै समीहरूलाई आधुनिकीकरण गर्न भन्दा यिनीहरूलाइ आफ्नै तरिकाले बाँच्नमा सहयोग गरेको छ । यो देशले समीको लागि योजनाबद्ध तरिकाले काम गरेको देखिन्छ भने राजनीतिक रूपमा पनि सहभागिता गर्न खोजेको देखिन्छ ।

स्थानीय सरकार र आधुनिकीकरण मन्त्रालय अन्तर्गत नर्वेले समी एक्ट, १९८७ मार्फत समीहरूलाई आत्मनिर्णयको अधिकारको लागि सन् १९८९ मा समी संसद बनाएको देखिन्छ । जसमा सबै जना समीहरू मात्र सहभागी हुन्छन् । सबै सदस्यहरू लोकतान्त्रिक बिधिबाटै छानिन्छन् र आफ्नो नेता आफै चुन्ने काम पनि गर्दछन । कस्तो नीति बनाउने, के गर्ने भन्ने कुराहरू सम्पूर्ण निर्णय उनीहरू आफै गर्दछन । स्विडिस संस्कृतिक मन्त्रालय अन्तर्गत स्विडेन सरकारले पनि सन् १९९३ मा समी संसदको परिकल्पना गरेको छ, जसमा पूर्ण लोकतान्त्रिक विधि प्रयोग गरेर समी संसदहरू चुनिन्छन । स्विडेन सरकारले पनि स्वतन्त्र बाँच्न र साँस्कृतिक सम्पदाको पर्बर्धनको लागि संस्कृतिक नीति बनाएको छ । साथै यो नीतिले साँस्कृतिक सम्पदालाइ संरक्षण, प्रयोग र बिकास गर्न सकिन्छ भन्ने कुरालाई पनि ध्यान दिएको छ ।

साथै स्विडेनको न्याय मन्त्रालय अन्तर्गत समी संसद परिकल्पना गरिएको छ । यो प्रावधान समी एक्ट (१९९२-१४३३) मा गरिएको छ । सन् १९८९ मा फिनिस समी संसद पनि फिनल्याण्डको न्याय मन्त्रालय अन्तर्गत गठन गरिएको छ, सन् १९४९-१९५१ र १९७१-१८७३ संसदीय समितिको सिफारिसको आधारमा फिनिस समी संसदको स्थापना गरिएको हो । यिनीहरूले आफ्नो स्वनिर्णय गर्न पाउँछन । त्यसै गरि सन् १९१० मा रूसको कोला प्रायदिपमा पनि एउटा कोला समी सभाको गठन गरिएको हो, जो रसियन समी संसद जस्तै हो, जसमा समी मध्यबाट नै आफ्नो प्रतिनिधि चुन्ने र आफ्नो स्वअस्तित्वको काम गर्ने होभने नीति अन्तर्गत कुनै स्थानमा बसाउने कोसिस गरेको देखिन्छ ।

युरोपिएन महादेशकै आइरिस घुमन्ते-फिरन्तेहरूलाई अपराधीलाई जस्तै घृणा गरिन्छ, यिनीहरूलाई पिकी, पिन्कर्स वा तिन्कर्स भनेर पनि बोलाइन्छ । तर संयुक्त राष्ट्रसंघ मानव अधिकार र परिषद (२०२२) ले यस्तो घृणित प्रयोग गरेको कुरालाई जोडदार रूपमा उठाएको पाइन्छ । यिनीहरू सधै समुहमा हिडदुल गर्ने र समूहमै बस्ने गर्दछन । यिनीहरू लैंगिक दृष्टिकोणले अत्यन्तै अनुशासित हुन्छन

पुरूषहरू जनावर चराउने काम गर्दछन भने महिलाहरू घरको काम गर्दछन् । यसबाट के थाहा पाउन सकिन्छ भने घुमन्ते-फिरन्तेहरूको भौगोलिक बनावट अनुसार आ-आफ्नो जिउने तरिका हुन्छ ।

२.१.३. अफ्रिका महादेशको घुमन्ते-फिरन्तेहरूको अवस्था र राज्यको भूमिका

अफ्रिका महादेशको केन्या र तान्जानियाको १४ वटा आदिवासीहरू मध्ये पशुपालक मसाइ एउटा घुमन्ते-फिरन्ते समुदाय हुन् । जसले सेरेंगेतीको उपत्यकामा पशुपालकको काम गर्दछन । जब सरकारले त्यो ठाउँमा विदेशी वियर उत्पादन गर्नको लागि अन्न उत्पादन गर्ने नीति ल्यायो । उनीहरूको उठिबास भयो । उनीहरूको अर्ध घुमन्ते-फिरन्ते जीवन पद्दति नै संकटमा पर्यो । उनीहरू आफ्नो ठाउँ छोड्न पनि बाध्य भए । त्यस्तै मसाईमारामा सफारी पर्यटनले मसाईहरूको संस्कृतिमा संकट ल्यायो । तर पनि अर्ध घुमन्ते-फिरन्तेहरू आफ् नो संस्कृतिम भाषा तथा धर्म संरक्षणको लागि संघर्षरत रूपमा लागिरहेका छन् । यसले के देखाएको छ भने आफ्नो संस्कृति, सबैलाई प्यारो हुन्छ । यसै सन्दर्भमा जेम्स (१९३९) ले केन्याको मसाई घुमन्ते-फिरन्ते समुहको नीतिगत कुराको बारेमा यसरी लेखका छन् कि प्रादेशिक कमिसारले घोषणा गरेको नीतिलाइ मिसाएर चरन अधिकारको विभाजन गर्नु अनावश्यक र असमानता बाहेक केही होइन, यसले केहि आदिवासीहरूलाई कठिन बनायो । मसाईहरूले परम्परागत घुमन्ते-फिरन्ते जीवन नै बिताउन पर्यो । विस्तारै चरनको अवस्था घट्दै जानुले वर्तमान मसाई प्रशासनलाइ समस्या हुन पुग्यो । विस्तारै स्थानीय मानिसहरूको परम्परागत सोच र यूरोपियनहरूको व्यावसायिक सोचमा फरक देखियो । साथै काम गर्ने कुरामा पनि फरकपन देखियो । सन् १९२३ को स्थानीय आदिबासी परिषदले मसाईलाइ आफ्नो भलाइको लागि उत्प्रेरणा गर्यो । सन् १९२८ मा पानीको सुबिधाको ब्यावस्था नै गर्यो । जेम्स (१९३९) ले अगाडी व्याख्या गरेका छ कि मसाई घुमन्ते-फिरन्तेको लागि शैक्षिक व्यवस्था नीति पनि निर्माण गरिएको छ र यस अन्तर्गत १९१७ मा एउटा विद्यालयको निर्माण गरियो भने सन् १९३३ मा पशु बिद्यालय खोलियो तर यसले मसाई समुहमा सोचे जति परिणाम दिन सकेन किनकि यसमा मसाई समुहको उदासिनता देखियो । सन् १९३४ को आदिबासी तसर्थ वैज्ञानिक पशु प्रजनन्को विकास गरेर उपयुक्त आर्थिक जगमा पशुपालन

व्यवसायलाई नै निरन्तरता दिने कुरा गर्यो । जेम्स (१९३९) आफ्नो लेखको निचोडमा भनेका छन् कि मसाईलाइ दिइएको जमीनलाइ उनीहरूकै क्षमताले सहि तरिकाले प्रयोगमा ल्याउने र पशुपालनमा पनि सहयोग गर्यो ।

दक्षिण अफ्रिकाको बुसमेन सबै भन्दा पुरानो घुमन्ते-फिरन्ते समूह हो । यिनीहरू सिकार गर्नमा सिपालु मानिन्छन बुसमेन अन्तर्गत अन्य उस्तै उस्तै घुमन्ते-फिरन्ते समुहहरू पनि छन् । जो बोत्स्वाना, एंगोला, दक्षिण अफ्रिका, जिम्बावे, जाम्बिया र नामिबियामा झन्डै २०,००० बर्ष देखि बस्दै आएका छन् । तिनीहरूलाई सान भनेर पनि चिनिन्छ । उपनिबेश्बादले यिनीहरूको परम्परागत जीवन शैलीमा क्षति पुगेको छ । ती देशका किसानहरूले साना उपनिवेशवादलेमध्ये कतिलाई दास बनाए भने कतिलाई मारे । कलाहरी गेम रिजर्भले यिनीहरूलाई शिकार गर्नको लागि केहि ठाउंहरू छुट्टाएको पाइन्छ तर सन् १९९० पछि त उनीहरूलाई त्यो ठाउं बाट धपाउन थालियो । बुसमेन घुमन्ते-फिरन्ते समूहले सिकार गर्नको लागि धनुस्कारमा बिच्छीको नङग्रा र माकुराको जालो वा सर्पको बिष र सिउदीको रस प्रयोग गर्छन । जनवारलाई पच्छ्याउनको लागि उनीहरूको पाइला र घाँस मारेको डोरो हेर्छन । जनवार कहाँ सम्म पुगेको छ र बसेको छ भन्ने पत्ता लगाउदछन् । बाँच्नको लागि मासु खाने गर्छन । यसको लागि मृग, जेब्रा, खरायो, किराकिरी, सिंह, ब्वासो, र सर्पहरूको सिकार गर्दछन तर अहिले यो गर्नबाट सरकारले बन्चित गरेको छ । अबको चिन्ता के छ भने सरकारी निर्णयले हजारौं बर्षदेखि प्रयोगमा आएको परम्परागत ज्ञान र सीप हराउने हो कि भन्ने डर छ ।

उत्तर अफ्रिकाको अमाजिघ घुमन्ते-फिरन्ते समूह, जसलाई बेर्बर्स पनि भनिन्छ । यिनीहरूलाई अन्य समुहहरूले बेला बेलामा आक्रमण गरेको देखिन्छ । अमाजिघ घुमन्ते-फिरन्ते समूहलाइ अन्य मानिसहरूले शोषण गर्दै र दबाउँदै आएका छन् । त्यसको बाबजुद पनि यिनीहरूले आफ्नो संस्कृति बचाएर राखेका छन् । यिनीहरू हिमालको टुप्पोसम्म पुग्ने फेरी फर्केर हिमालको फेद वा सहारा मरूभूमिसम्म पनि पुग्दछन । सन् १९८८ मा यिनीहरू ४१० घर परिवाए थिए भने अहिले यिनीहरू जम्मा १५ घर परिवार छन् । अमाजिघ घुमन्ते-फिरन्ते समूह अस्तित्वको संकटमा भएको सजिलै देख्न सकिन्छ ।

अफ्रिका महादेशमा पर्ने केन्या र इथियोपियामा गब्रा घुमन्ते-फिरन्ते समुदाय छन्, जो प्राविधिको विकास र अन्य जनसंख्याको प्रभावको बाबजुद पनि आफ्नो परम्परागत जीवन शैली अपनाउदै आएका छन् । उनीहरूलाई उँट घुमन्ते-फिरन्ते समूह पनि भनिन्छ । जसको जनसंख्या अनुमानित ३१,००० छ । यिनीहरू पुर्णरूपमा पशुपालनमा भर पर्छन र यिनीहरूले जीवनयापनको लागि उँट, गाइ, भैसी, भेंडा र बाख्रा पाल्छन । उँट मुल्यवान जनावर हो । यिनीहरूमा अत्यन्तै सहयोगी भावना छ, जो उनीहरूको एउटा भनाइले पनि पुस्टि गर्दछ कि "एउटा मानिस गरिव हुनु भनेको हामी सबैको लागि लाजमर्दो कुरा हो ।" गब्रा घुमन्ते-फिरन्ते समुहले जनावरहरूलाई दुध र मासुको लागि पाल्छन भने उँटलाइ सित्तैमा मार्दैनन । यिनीहरू समूहमा १० देखि १५ परिवार बनाएर बस्दछन् । जहाँ जहाँ जनावरको लागि चरन पाइन्छ त्यतै त्यतै जान्छन् । गब्रा घुमन्ते-फिरन्ते समुदाय लगातार घुम्ने र कठिन ठाउँहरूमा पुग्ने क्रममा इथिपियाबाट केन्या तिर छिर्छन् । केन्याबाट फेरी इथियोपिया जाने हुनाले उनीहरूको नागरिकता परिचयपत्रको समस्या आइरहेको छ । एउटा गम्भीर समस्या भनेको गब्रा घुमन्ते-फिरन्ते समुदाय र अर्को बोराना पशुपालक समूह बिचको ससस्त्र लडाई हो, जसले गर्दा गब्रा घुमन्ते-फिरन्ते समुदाय आफ्नो थातथलो छोडेर बाहिर जाने गरेको पाइन्छ । अदुग्ना (२०१४) ले आफ्नो लेखमा लेखेका छन् कि इथियोपियन गब्रा घुमन्ते-फिरन्ते समूहको अध्ययनले गब्रा घुमन्ते-फिरन्ते समूहको इतिहास हेर्दा उनीहरूले कुनै ठाउं वा जमीन आफ्नो भन्दा पनि कुनै त्यस्तो क्षेत्र वा ठाउँ रोज्ने गर्थे जहाँ चरिचरण र पानी प्रशस्त हुने गर्दछ । उनीहरूको मुख्य पेशा भनेको उँट पाल्ने थियो र त्यसको लागि चरन र पानीको आवश्यकता पर्यो । अहिले उनीहरूको लागि चरन र पानी भन्दा जग्गा जमीनको महत्व छ किनभने यो हुनुमा पहिचान र राज्यमा आधारित श्रोतसाधनको राजनीतिले काम गरेको छ । अहिले गब्रा समुहले आफ्नो जग्गा जमीन र आफ्नो जिल्लाको बारेमा सोच्न र छलफल गर्न थालेका छन् । विस्तारै यिनीहरूको आर्थिक, सामाजिक र जीविकोपार्जनमा रूपान्तरण हुँदै आएको छ । व्यक्तिगत रूपमा राख्ने पशुहरूको संख्या घट्दो छ । यिनीहरूको निर्भरता राहत खाद्यान्न, शिक्षा तथा स्वास्थ्य केन्द्रहरूमा बढ्दै गएको छ । यी कुराहरूले घुमन्ते-फिरन्ते गब्रा समुहलाइ स्थायी रूपमा बस्न सहयोग पुऱ्याएको छ भने यसको कारणले इथिओपियामा ठुल्ठुला गाउँहरूको विकास भएको छ ।

सहारा मरूभूमिको एउटा घुमन्ते-फिरन्ते समुदाय तुअरेग हो । यो समुहमा महिलाले निलो र पुरूषले पुरै शरीर ढाकिने गरी कपडा लगाउदछन् । यिनीहरू

पशुपालक घुमन्ते-फिरन्तेहरू हुन् । जो सहारा मरूभूमिको वरिपरी घुमघाम गर्दछन् । यिनीहरूमा कुलीन र सामान्य वर्ग रहेको पाइन्छ । यो समुदायको प्रमुख जीविकोपार्जनको श्रोत भनेको पशुपालन, ब्यापार र कृषि हो तर बीसौं शताब्दीमा निरन्तर खडेरी, विद्रोह र राजनैतिक खिचातानीले व्यापक परिवर्तन आएको छ ।

त्यस्तै बोत्स्वानाको अल्पसंख्यकको बारेमा त्यहाँका राष्ट्रपति सेरेत्से खमा आएन खमाले सन् २००८ मा बोलेको कुरालाई व्याख्या गर्दै भनेका छन् कि मेरो सरकारको स्थान यो छ कि हाम्रो कला, संस्कृति र सम्पदाहरू हाम्रो रास्ट्रव्यापी खुसीको कुरा हो (न्याती रामाहोबो, २००९) । त्यसकारण हामीले सच्चारूपमा विविधतामा एकताको बारेमा खुसियाली मनाउन सक्छौं । बोत्सवानामा ४६ अल्पसंख्यक समुहहरू मध्ये ८ समुहहरूले राज्यबाट सरकारी मान्यता पाएका छन् । ३८ अल्पसंख्यक समुहहरूको भाषा र संस्कृति लोप भएको छ । उनिहरू राज्यको सेवा सुबिधाबाट बन्चित पनि भएका छन् ।

२.१.४. दक्षिण अमेरिका महादेशको घुमन्ते-फिरन्तेहरूको अवस्था राज्यको भूमिका

दक्षिण अमेरिकाको कोलोम्बियामा एउटा अन्तिम घुमन्ते-फिरन्ते समूह छ । जसलाई नुक्क भनिन्छ । नुक्कको बारेमा सन् १९८० सम्म कसैलाई जानकारी थिएन तर पछि बाहिरियाहरूको सम्पर्कले विभिन्न रोगहरू आइ यो समुहको झन्डै आधा जनसंख्या घटेको अनुमान छ । परम्परागत रूपमा यिनीहरू अमेजन बेसिनको उत्तरपश्चिममा बस्दथे, जहाँ घना जंगल छ । त्यो ठाउँमा एउटा क्षेत्रबाट अर्कोमा लगातार खाद्याननको जोहो गर्न घुमफिर गर्दथे । उनीहरूको मुख्य खाना भनेको जंगली जनावरको सिकार, माछा, कछुवा, किराकिरी, फलफुल, सागसब्जी र महहरू हुन् । विस्तारै नुककहरूलाई कोलोम्बियाको किसान र फार्क लडाकुहरूले आफ्नो ठाउंहरूबाट धपाउदै लगेको छ । अहिले नुकक घुमन्ते-फिरन्ते समूह सरकारी भत्तामा बाँच्न बाध्य छन् । अहिले नुककहरूलाई फरक खानाको कारणले कुपोषण अन्य ठुलो जनसंख्यासंगको सम्पर्कले उनीहरूमा ज्वोरो आउने, रूघा खोकी लाग्ने, श्वासप्रसश्वासको समस्या र छालाको रोगको पनि संक्रमण बढ्दै गएको छ । केहि नुकक आफै जंगलबाट निस्केर आए भने कतिपय नुककहरू निस्कन बाध्य भएका छन् । कतिपय अझै जंगलमै छन्, जसलाई पैसा, राज्य र स्थायी बस्तीको मतलबै छैन । उनीहरूलाई जंगलबाट बाहिर ल्याउनु भनेको उनीहरूको संस्कृति माथि अतिक्रमण हो तर उनीहरूलाई फेरी पनि जंगलमै फर्काउनु पनि सम्भव छैन ।

विभिन्न महादेशमा रहेको घुमन्ते-फिरन्ते समुहहरूको अवस्था हेर्दा यी समूहहरू आफ्नो संस्कृति बचाउनको लागि संघर्षरत छन् । कतिपय देशहरूले अलि बढी घुमन्ते-फिरन्ते समुहको लागि काम गरेको देखिन्छ भने कतिपय देशहरूमा यिनीहरूको लागि खासै काम भएको छैन ।

२.२. अन्तर्राष्ट्रिय मापदण्ड

२.२.१. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले सम्पुर्ण जनतामा आत्मनिर्णयको अधिकार सुरक्षित गरेको छ । स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गर्ने अधिकारको व्यवस्था गरेको छ । आफ्नो प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन् । राज्यले कुनै पनि अवस्थामा कुनै पनि नागरिकलाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गराउन पाउदैन् । नागरिकहरूलाई जाति, वर्ण, लिंग, भाषा, धर्म, सामाजिक उत्पत्ति, जन्म वा अन्य कुनै हैसियतको आधारमा कुनै पनि प्रकारको भेदभाव विना सम्पुर्ण अधिकार उपभोगको प्रतिज्ञा गरेको छ ।

कुनै राष्ट्रको ईलाकाभित्र कानूनी रूपमा रहेका प्रत्येक व्यक्तिलाई सो इलाकाभित्र आवातजावत गर्ने स्वतन्त्रता रहेको छ । आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुन्छ । प्रत्येक व्यक्तिलाई जन्मेपछि तत्कालै दर्ता गर्नुपर्दछ । प्रत्येक व्यक्तिलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ । प्रत्येक नागरिकलाई मतदानमा भाग लिने र निर्वाचित हुने अधिकार हुन्छ ।

सामाजिक, धार्मिक वा भाषिक अल्पसंख्यकका व्यक्तिहरूलाई आफ्नो समुह वा अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, अभ्यास गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकार हुन्छ ।

२.२.२. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ मा पक्ष राष्ट्रहरूले जाति, वर्ण, लिंग, भाषा, धर्म, सामाजिक उत्पत्ति, जन्म वा अन्य कुनै हैसियतको आधारमा कुनै पनि प्रकारको भेदभाव विना सम्पुर्ण अधिकार उपभोग गर्न पाउने कुराको प्रतिज्ञा गरेका छन् ।

प्रत्येक व्यक्तिहरूलाई आफुले छानेको कामबाट जीवन धान्ने अधिकार हुन्छ । बालबालिकाको हेरचाह र शिक्षाको दायित्व राज्यको हुने हुँदा सम्भव भएसम्म व्यापक सुरक्षा र सहायता दिनु पर्दछ । प्रत्येक व्यक्तिलाई साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार हुन्छ ।

२.२.३. महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९

महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ले महिलाहरूलाई अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको परामर्श गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष फाइदा लिने अधिकार महिलाहरूमा रहन्छ ।

संयुक्त राष्ट्रसंघले महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को व्यवस्था कार्यान्वयनसम्बन्धमा पक्ष राष्ट्रलाई सन् २०२२ मा आदिवासी जनजाति महिला तथा किशोरीको अधिकारसम्बन्धी साधरण टिप्पणी नं.३९ जारी गरेको छ । सो साधरण टिप्पणीले महासन्धिको विभिन्न धारा कार्यन्वयन सवालमा आदिवासी जनजाति महिला तथा किशोरीहरूमा हुने लैङ्गिक विभेद् विरूद्ध संरक्षण, राजनीतिक तथा सार्वजनिक जीवनमा उनीहरूको प्रभावकारी सहभागिता, शिक्षा, रोजगारी, स्वास्थ्य, संस्कृति, भूमि तथा प्राकृतिक स्रोतमाथीको अधिकार, खाद्य अधिकार, दिगो तथा स्वच्छ वातावरणको अधिकार स्थापित गर्नु पर्ने सवालमा राज्यको भूमिका स्पष्ट पारेको छ । आदिवासी जनजाति महिला तथा किशोरीले आदिवासी उत्पत्ति, पहिचान, जाति, अपाङ्गता, उमेर, भाषा, आर्थिक सामाजिक अवस्था तथा एच.आई.भि. एड्स संक्रमण लगायत अन्तरक्षेदीय विशेषताका कारण विभेद् सामाना गरिरहेको सन्दर्भ निश्कर्षको रूपमा प्रस्तुत गरेको छ ।

सो साधारण टिप्पणी मार्फत महासन्धिको धारा ७, धारा ८ र धारा १४ कार्यान्वयनका लागि आरक्षण, राजनीतिक, सार्वजनिक जीवन लगायत सम्पुर्ण निर्णय प्रक्रियामा आदिवासी जनजाति महिला तथा किशोरीको अर्थपूर्ण, वास्तविक, तथा पूर्वसुचित अनिवार्य सहभागिता गर्न गराउन तथा सो को प्रवर्द्धन गर्नु पक्ष राज्यको दायित्व हुने व्यवस्था गरेको छ ।

२.२.४. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ ले प्रत्येक बालबालिकालाई बाँच्न पाउने जन्मसिद्ध अधिकार दिएको छ । जन्मनासाथ बालबालिकाको दर्ता गर्ने,

नाम राख्ने र राष्ट्रियताको अधिकार हुन्छ । अल्पसंख्यक समुहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन आम संचार माध्यमलाई प्रोत्साहन दिनु पर्दछ । पारिवारिक वातावरणमा रहँदा सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई राष्ट्रद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुन्छ । त्यस्ता बालबालिकाहरूका लागि वैकल्पिक हेरचाह गर्नुपर्दछ । बालबालिकालाई प्राथमिक शिक्षा अनिवार्य र निशुल्क गर्ने उल्लेख छ ।

बालबालिकालाई पोषणयुक्त खाद्यन्न र शुद्ध पिउने पानीको व्यवस्था गरेर रोग र कुपोषणबाट जोगाउने उल्लेख छ । आमाहरूको निम्ति पूर्व प्रसूति तथा प्रसूति पश्चात उचित सेवाहरूको सुनिश्चित गर्ने व्यवस्था छ । पोषण, लुगाफाटो, आवाससम्बन्धमा भौतिक सहयोग गर्ने उल्लेख छ ।

२.२.५. अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९

आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ लाई अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ को रूपमा पनि बुझिन्छ । आदिवासी जनजातिहरूको मानव अधिकार संरक्षण गर्ने मुख्य महासन्धिको रूपमा लिने गरिन्छ । नेपालले २०६४ भाद्र ५ गते यस महासन्धिलाई अनुमोदन गरी पक्ष राष्ट्र भएको छ ।

यस महासन्धिले आदिवासी जनजातिहरूले मानव अधिकार तथा मौलिक स्वतन्त्रताका सबै उपायहरू निर्वाध रूपमा वा कुनै भेदभाव बिना उपभोग गर्ने व्यवस्था गरेको छ । आदिवासीको जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ्नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म उनीहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासउपर नियन्त्रण कायम राख्ने अधिकार हुन्छ । प्रत्यक्ष रूपमा प्रभाव पार्न सक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मुल्याङकनमा निजरूको सहभागिता हुनु पर्दछ । राष्ट्रिय कानून र नियमहरू लागु गर्दा निजहरूको परम्परागत वा परम्परागत कानूनहरूलाई समुचित ध्यान दिनु पर्दछ । परम्परागत अधिकार कायम राख्ने अधिकार हुन्छ ।

सरकारले आदिवासीका संस्कृति र आध्यात्मिक मुल्यहरूको लागि अवस्थानुसार निजहरूले ओगटेका वा अन्य कुनै पनि किसिमले प्रयोग गरेका भूमि

वा भू-क्षेत्र वा दुवैसँग निजहरूको सम्बन्धको र खासगरी यस सम्बन्धको सामुहिक पक्षको विशेष महत्व गर्नुपर्दछ । परम्परागत रूपमा ओगट्दै आएको निजहरूको स्वामित्व र भोगाधिकारलाई मान्यता दिनु पर्दछ । आदिवासीहरूले एकलौटी रूपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि परम्परागत रूपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने निजहरूको अधिकारको रक्षा गर्नको लागि उपयुक्त अवस्थाहरूमा उपायहरू अपनाउनु पर्दछ । फिरन्ते नागरिक र घुमन्ते किसानहरूको अवस्था उपर विशेष ध्यान दिनु पर्दछ ।

सरकारहरूले सम्बन्धित जनताहरूले परम्परागत रूपमा ओगटेको भूमि पहिचान गर्न निजहरूको स्वामित्व र भोगाधिकारको प्रभावकारी संरक्षणको प्रत्याभूति दिन आवश्यक कदम चाल्नुपर्नेछ । भूमिसम्बन्धी दावीहरू समाधान गर्न राष्ट्रिय कानून प्रणालीमा पर्याप्त कार्याविधिहरूको व्यवस्था गर्नुपर्दछ । भूमिसम्बन्धी प्राकृतिक स्रोतहरूको अधिकारलाई विशेष रूपमा सुरक्षित गर्नुपर्दछ । यस्ता अधिकारहरूमा यस्ता स्रोतरूको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागी हुने यी जनताको अधिकारसमेत समावेश छ ।

आदिवासीहरूको ठाउँसारी आवश्यक देखिएको अवस्थामा आदिवासीहरूको स्वतन्त्र र जानकारीसहितको सहमति लिएर मात्रै यस्तो ठाउँसारी गर्नुपर्दछ । आदिवासीहरूको सहमति प्राप्त गर्न नसकिने भएमा सम्बन्धित जनताको प्रभावकारी प्रतिनिधित्वको लागि मौका दिनुपर्ने व्यवस्था उपयुक्त भएमा सार्वजनिक जाँचबुझ गर्नेसमेत व्यवस्था गर्ने राष्ट्रिय कानून र नियमहरूबाट स्थापित उपयुक्त कार्यविधिहरू अबलम्बन गरेरमात्रै त्यस्ता ठाउँसारी गरिनुपर्दछ । उनीहरूको परम्परागत भूमिमा फर्कन पाउने अधिकार हुन्छ । आदिवासीहरूको भूमिको अनधिकृत अतिक्रमण वा भोग गरेवातपत कानूनद्वारा पर्याप्त दण्ड सजायको व्यवस्था गर्नपर्दछ । यस्ता कसुरहरू रोक्न सरकारहरूले उपायहरू अपनाउनु पर्दछ ।

२.२.६. आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७

आदिवासी जनजाति सामुहिक रूपमा वा व्यक्तिगत रूपमा अन्य मानिस तथा व्यक्तिहरू जत्तिकै स्वतन्त्र र समान हुन्छन् । मौलिक उत्पत्ति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनै पनि किसिमका भेदभावबाट मुक्त हुने अधिकार राख्दछन् । आदिवासी जनजातिसँग आत्मनिर्णयको अधिकार छ । स्वशासनको अधिकार छ । प्रत्येक आदिवासी व्यक्तिसँग राष्ट्रियताको

अधिकार छ । पृथक मानिसका रूपमा स्वतन्त्रता, शान्ति सुरक्षापूर्वक बाँच्ने सामुहिक अधिकार छ । संस्कृतिको विनाश नहुने अधिकार छ । उनीहरूलाई उनीहरूको भूमि वा क्षेत्रबाट बलपूर्वक हटाउन पाइदैन ।

आदिवासीहरूको राजनीतिक, आर्थिक एंव सामाजिक संरचना तथा उनीहरूको संस्कृति, आध्यात्मिक परम्परा, इतिहास एवं दर्शन विशेषगरी आफ् नो भूमि, क्षेत्र तथा संसाधनहरूमाथीको उनीहरूको अधिकारलाई सम्मान तथा प्रवर्द्धन गर्नुपर्दछ । आदिवासी जनजाति उनीहरूको मौलिक उत्पत्ति वा पहिचानमा आधारित अधिकारहरूको उपभोग गर्ने क्रममा कुनैपनि किसिमका भेदभाववाट मुक्त हुने अधिकार राख्दछन् ।

उनीहरूले परम्परादेखि स्वामित्वमा राखेका वा प्रयोग गर्दै आएका भूमि, क्षेत्र, पानी आदिसँगको आध्यात्मिक सम्बन्धलाई कायम राख्ने तथा सुदृढ पार्ने साथै भावी पुस्ताप्रतिको उत्तरदायित्व बहन गर्ने अधिकार हुन्छ । ति भूमि, क्षेत्र तथा संसाधनहरूमाथि स्वामित्व पाउने अधिकार, प्रयोग गर्ने अधिकार, विकास गर्ने र नियन्त्रण गर्ने अधिकार छ । ती संसाधनहरू स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति विना अधिग्रहण गरिए, लिइए, प्रयोग गरिए वा नष्ट गरिएमा उचित, स्वच्छ र न्यायोचित क्षतिपुर्ति प्राप्त गर्ने अधिकार छ ।

उनीहरूको अधिकारमाथि प्रभाव पार्ने विषयहरूको निर्णय प्रक्रियामा उनीहरूकै प्रक्रियाअनुरूप उनीहरूले छानेका प्रतिनिधिमार्फत सहभागी हुने अधिकार हुन्छ । राज्यले उनीहरूको स्वतन्त्र, पूर्व तथा सुसूचित सहमति उनीहरूको प्रतिनिधिमुलक संस्थामार्फत लिनु पर्दछ ।

जीविकोपार्जन तथा विकासका साधनरूबाट बञ्चित आदिवासी जनजाति उचित र स्वच्छ क्षतिपुर्तिको अधिकार राख्दछन् । परम्परागत औषधि तथा औषधिजन्य वनस्पति, जनावर तथा खनिजहरूको संरक्षणलगायत स्वास्थ्यसम्बन्धी परम्परागत प्रचलनहरूलाई कायम राख्न पाउने अधिकार छ । राज्यले आदिवासी ज्येष्ठ नागरिक, बालबालिका महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विशेष आवश्यकप्रति विशेष ध्यान दिनु पर्दछ ।

२.३. राष्ट्रिय मापदण्ड

२.३.१. नेपालको संविधान

नेपालको संविधानले नै बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, सामाजिक सांस्कृतिक संरक्षण र प्रवर्द्धन गर्ने विषयलाई सम्बोधन गरेको छ ।

जातिय तथा भाषिक विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामुलक समाज निर्माणको संकल्प गरेको छ ।

संविधानको धारा १० ले प्रत्येक नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकको प्रत्याभूत गरेको छ । नेपालको संविधानको धारा १६ देखि ४६ सम्म मौलिक हकको व्यवस्था गरेको छ । नागरिकका सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, गोपनीयताको हक, शिक्षा सम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकको व्यवस्था गरेको छ । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने मौलिक व्यवस्था रहेको छ । प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने, समुदायको सांस्कृतिक जीवनमा सहभागी हुने, आफ्नो भाषा, लिपि, संस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने व्यवस्था रहेको छ । लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको मौलिक हक रहेको छ ।

आदिवासी जनजातिलगायतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुने हक मौलिक हकको रूपमा रहेको छ । नेपालको संविधानको धारा ५१ (ग) मा सामाजिक र साँस्कृतिक रूपान्तरण सम्बन्धी नीति, धारा ५१ (च) मा विकाससम्बन्धी नीति, धारा ५१ (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति र धारा ५१ (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी राज्यको नीति रहेको छ । आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्धन गर्ने नीति राज्यको रहेको छ । नेपाल संविधानको धारा ५६ (५) ले संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था छ । संविधानको धारा ५६ (६) अनुसार मानव अधिकार, मौलिक हक, समानतामा आधारित समानतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहलाई रहेको छ ।

संविधानको धारा २४८ र २४९ मा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको व्यवस्था गरिएको छ । सीमान्तकृत समुदाय, अल्पसंख्यक एवं आदिवासी जनजाती समुदायको संरक्षण, राज्य संयन्त्रमा उचित प्रतिनिधित्व, शसक्तिकरण र विकास गर्नका लागि संविधानको धारा २५८ र धारा २५९ मा राष्ट्रिय समावेशी आयोग र धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको छ ।

२.३.२. आवासको अधिकारसम्बन्धी ऐन, २०७५

आवासको अधिकार सम्बन्धी ऐन, २०७५ अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार हुन्छ । आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट नागरिकलाई सुरक्षित राखिनु पर्दछ । आवासको अधिकारको सम्मान, संवर्द्धन, संरक्षण, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको हुन्छ । नागरिकलाई आफ्नो आवास शान्तिपूर्वक निर्वाध रूपले उपभोग गर्न दिनु पर्दछ ।

२.३.३. जनस्वास्थ्य ऐन, २०७५

जनस्वास्थ्य ऐन, २०७५ को दफा ४६ अनुसार जनस्वास्थ्यलाई प्रतिकुल प्रभाव पार्ने सामाजिक, साँस्कृतिक अन्धविश्वास नियन्त्रण गर्नका लागि संघ, प्रदेश र स्थानीय तहले आवश्यक उपाय अवलम्बन गर्नु पर्दछ । दफा ४७ अनुसार लक्षित समूहहरूका लागि विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयन गर्न स्थानीय तह तथा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।

२.३.४. सामाजिक सुरक्षा ऐन, २०७५

सामाजिक सुरक्षा ऐन,२०७५ को दफा ३ मा सामाजिक सुरक्षाभत्ता पाउने समुहको वर्गिकरण गरिएको छ । दफा ४ ज्येष्ठ नागरिक भत्ता, दफा ७ मा असहाय एकल महिलाहरूलाई भत्ता, दफा ८ मा अपाङगता भत्ता, दफा ९ मा वालपोषण भत्ता र दफा १० मा लोपान्मुख जातिभत्ताको व्यवस्था रहेको छ ।

२.३.५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५ को प्रस्तावनामा शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निमार्णमा केन्द्रित गर्दै शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच निरन्तरता, सुनिश्चिता गर्न तथा शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धा एवं गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएको भन्ने रहेको छ । शिक्षामा नागरिकको पहुँच र राज्यको दायित्व, प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार व्यवस्था गरिएको छ । शिक्षा प्राप्त गर्न कसैलाई कुनै पनि आधारमा भेदभाव गरिने छैन् । नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ । बालबालिका भर्ना गराउनु पर्ने, वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने, अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने, परम्परागत शिक्षा प्रदान गर्न सकिने व्यवस्था पनि छ । मातृभाषामा शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानीय विशेषता र आवश्यकता अनुसार थप प्रवन्ध गर्न सक्ने पनि व्यवस्था पनि रहेको छ । अपाङ्गता भएका, आर्थिक रूपले विपन्न वा दलित समुदायका बालबालिकाको लागि विशेष व्यवस्था गरेको छ । ऐनको दफा ३४ मा नमुना वा विशिष्ट वा घुम्ती विद्यालय वा यस्तै प्रकारको स्थापना तथा सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ ।

२.४. मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/०७८-२०८१/०८२)

मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना नेपाल सरकारले नेपाली जनताको मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्ने वहुआयामिक विषय समारोहे कार्ययोजना हो । ती मध्येआदिवासी जनजाति समुहमा पर्ने लोपोन्मुख समुदाय मध्ये राउटे आदिवासी जनजाति समुदायसँग सम्बन्धित अधिकारहरूको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्नको लागि विभिन्न विषयहरू समेटिएको छ ।

बहुआयामिक गरिबीको क्षेत्रभित्र परेका, बहुवञ्चितकरण, वहिष्करणमा परेका, अल्पसंख्यक तथा लोपोन्मुख, आर्थिक सामाजिक रूपमा पछाडी परेका

अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित नागरिकका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको समन्यायिक अवसर प्रदान गर्ने उल्लेख छ । आधारभूत तहको शिक्षण सिकाईमा विद्यार्थीको रूची र आवश्यकताको आधारमा मातृभाषामा समेत पाठयपुस्तक तयार गरी शिक्षण सिकाईको व्यवस्था गर्ने व्यवस्था छ । जीवनयापन गर्न सक्ने आयश्रोत नभएका, श्रम गर्न नसक्ने अशक्त र असाय, एकल महिला, आपाङ्गगता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने व्यक्ति तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गर्ने भन्ने उल्लेख गरिएको छ । गरिबी तथा विपन्न दलित, आदिवासी जनजाति, एकल तथा अपागंता भएका महिला, वादी, कमलरी, कमैया, चेपाङ्ग जस्ता वञ्चितीकरणमा परेका सबै समुदायका असहाय महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यक्रम रहेको छ । आदिवासी जनजातिको इतिहास,भाषा, लिपि, संस्कृति सम्पदा, संगीत, ऐतिहासिक तथा धार्मिक स्थलहरूको संरक्षण गर्ने उद्देश्यलाई कार्यान्वयन गर्नको लागि क्रियाकलाप उल्लेख गरिएको छ ।

२.५. विश्वव्यापी आवधिक समिक्षा

नेपालले विश्वव्यापी आवधिक समिक्षाको तेस्रो चक्रमा नेपालले स्वीकार गरेको विभिन्न सुझाव मध्ये केहि सुझाव अल्पसख्यक राउटे समुदायसँग पनि सम्बन्ध राख्दछन् । तपसिल बमोजिमका सुझावहरू प्रत्यक्ष अप्रत्यक्ष लोपोन्मुख अल्पसख्यक राउटेसँग सम्बन्धित रहेको देखिन्छ ।

- सुरक्षित पिउने पानी र सरसफाईको सुनिश्चित गर्ने ।
- जनसंख्यालाई आवास उपलब्ध गराउने ।
- महिला, बालबालिका र अन्य जोखिम वर्गको अधिकारलाई थप प्रवर्धन गर्ने ।
- खाधान्नको पहुँच हिसावले सबैभन्दा जोखिममा रहेका जनसख्याको खाद्य अधिकार सरकारी कार्यक्रमलाई विस्तार गर्ने ।
- आदिवासी समुदायको आफ्नो भूमिको उपयोग गर्ने सम्बन्धी अधिकार सम्बन्धित कानुनमा सुनिश्चित गर्ने ।
- अल्पसंख्यक समुदायको महिला, बालिका संरक्षण तथा न्याय प्रदान गर्ने नीति अवलम्बन गर्ने ।
- जोखिम वर्ग विशेष गरी महिला तथा बालबालिका जातीय अल्पसंख्यकको अधिकारको कानुनमा र व्यवहारमा रक्षा गर्ने ।

२.६. दिगो विकासका लक्ष्य

सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू निर्धारित छन् । धेरै लक्ष्यहरू लोपोन्मुख अल्पसंख्यक रोउटे समुदायसँग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्ध राख्दछन् । ती मध्य लक्ष्य १, लक्ष्य ६, लक्ष्य ११ र लक्ष्य १६ का केही परिणात्मक लक्ष्य अझै बढी लोपोन्मुख अल्पसंख्यक राउटे समुदायसँग सरोकार राख्छन् ।

लक्ष्य	विषय	परिणात्मक लक्ष्य
लक्ष्य १	हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरीबी अन्त्य गर्ने	१.३. राष्ट्रिय रूपमा उपयुक्त सामाजिक सुरक्षा प्रणालीहरू, सन् २०३० सम्ममा संकटग्रस्त/कमजोर अवस्थामा रहेका व्यक्तिहरूलाई उल्लेख्य रूपमा समावेश गरिसक्ने
		१.५. संकटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूको उत्थानशिलता निर्माण गर्ने तथा कमजोरपनालाई कम गर्ने
लक्ष्य ६	सबैका निम्ति खानेपानी तथा सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने	६.१. २०३० सम्ममा सबैको निम्ति सुरक्षित खानेपानीको सर्वाव्यापक पहुच हासिल गर्ने
लक्ष्य ११	सहर एव मानववस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील, र दिगो बनाउने	११.१. सन् २०३० सम्ममा सुरक्षित घरमा सबैको पहुच सुनिश्चित गर्ने झुपडीहरूलाई स्तरोन्नति गर्ने
लक्ष्य १६	दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्धन गर्ने, न्यायमा सबैको पहुच सुनिश्चित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी सस्थाहरूको स्थापना गर्ने	१६.९. सन् २०३० सम्ममा जन्मदर्ता लगायतमा अन्य कानुनी पहिचान सबैमा प्रदान गर्ने

अध्याय तीन
आदिवासी जनजातिको अधिकार संरक्षणमा आयोगबाट भएका पहल

३. आदिवासी जनजातिको अधिकार संरक्षण र सम्बर्द्धनसम्बन्धमा आयोगबाट भएका पहल

३.१. आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९ सम्बन्धमा

आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (आई.एल.ओ. महासन्धि नं. १६९) कार्यान्वयन अवस्था प्रतिवेदन प्रकाशित गरी नेपाल सरकारलाई मिति २०७५।१२।०४ मा १५ बुदँै सिफारिस गरेको छ । जसमा तपसिलका बुँदा यो प्रतिवेदनसँग पनि सरोकार राख्दछ ।

- आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (आई.एल.ओ. महासन्धि नं. १६९) प्रतिकुल रहेका विद्यमान कानुनी व्यवस्थाहरूलाई महासन्धि अनुकुल संशोधन वा परिमार्जन गर्न र महासन्धि कार्यान्वयनका लागि आवश्कता अनुसार नयाँ कानुन निर्माण गरी राज्यका संघ, प्रदेश र स्थानीय तहमा समान ढङ्गले कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउन,
- विकास तथा भौतिक संरचना निर्माणको योजना बनाउँदा वा कार्यान्वयन गर्दा सम्बन्धित क्षेत्रको आदिवासी जनजाति वा स्थानीय समुदायको संस्कृति सुहाउँदो प्रक्रिया अवलम्बन गरी उनीहरूको अधिकार संरक्षणको प्रत्याभूत गर्न वा गराउनका लागि आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (आई.एल.ओ. महासन्धि नं. १६९) र आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले अवलम्बन गरेको स्वतन्त्र, पूर्वसुसूचित र सहमतिसम्बन्धी अवधारणा लागू गर्न उपयुक्त संरचनाको निर्माण गरी लागू गर्न ।
- आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (आई.एल.ओ. महासन्धि नं. १६९) कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना यथाशिघ्र स्वीकृत गरी कार्यान्वयन गर्न,

३.२. राउटे किशोरीमाथि यौनजन्य हिंसा घटनापश्चात स्थलगत अनुगमन

घुमन्तेफिरन्ते राउटे समुदायका दुई किशोरीलाई प्रलोभनमा पारी मिति

२०७८।०२।२१ करणी भएको घटनासम्बन्धी जानकारी प्राप्ति पछि कारवाही प्रक्रिया अगाडि बढाएको थियो । तत्कालै नेपाल प्रहरी कर्णाली प्रदेश कार्यालय, जिल्ला प्रशासन कार्यालय, सुर्खेत, सामाजिक विकास मन्त्रालय, सुर्खेत लगायतसँग आवश्यक समन्वय गरेको थियो । साथै, आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाले स्थलगत अनुगमन समेत गरेको थियो । सो घटना सम्बन्धमा आयोगले २०७८ जेठ २३ गते प्रेस विज्ञप्ति पनि जारी गरी पीडितलाई न्याय प्रदान गर्न र संलग्न आरोपित पीडकउपर कानूनी कारबाही प्रक्रिया अगाडी बढाउन आह्वान गरेको थियो । आयोगको हस्तक्षेपकारी पहलबाट सम्मानित अदालतबाट पीडित पक्षले न्याय पाइन भने पिडरहरू हाल कारागारमा सजाय भोगिरहेका छन् ।

३.३. विकास आयोजना तथा संरक्षण क्षेत्रबाट प्रभावित आदिवासी जनजातिको मानव अधिकार अवस्थाको अनुगमन

आयोगमा विकास आयोजनाले आई.एल.ओ. महासन्धि नं. १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेको अधिकार नकारात्मक प्रभाव परेको भनी उजुरी प्राप्त हुने क्रम बढेको छ । आयोगले पूर्वपश्चिम विद्युतीय रेल मार्ग, मर्स्याङ्दी कोरिडोर, माथिल्लो तामाकोशीको लप्सिफेदी बोजेनी सवस्टेसन, तनहुँ जलविद्युत आयोजना, अरूण ३ जलविद्युत आयोजना, भोटेकोशी १ जलविद्युत आयोजना प्रभावित नागरिकको मानव अधिकार अवस्थाको स्थलगत अनुगमन गरेको छ ।

ढोरपाटन शिकार आरक्ष, बर्दिया राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षबाट प्रभावित नागरिकको मानव अधिकार अवस्था सम्बन्ध अनुगमन कार्यसम्पादन भएका छन् । बर्दिया राष्ट्रिय निकुञ्जको जैविक मार्गमा पर्ने जंगलमा घाँस काट्न जाँदा मिति २०७९।२।२३ गते बाघले आक्रमण गरी घाइते बनाएको मामलामा आन्दोलन हुँदा सुरक्षाकर्मीको गोली लागि नविना चौधरीको मृत्यु भएको घटनामा आयोगले अनुसन्धान गरी आयोगको मिति २०८०।०१।१७ गतेको निर्णय बमोजिम नेपाल सरकारलाई सिफारिस गरिएको छ । मकवानपुरको राक्सिराङ गाउँपालिकामा सञ्चालित खानीजन्य उद्योगबाट प्रभावित चेपाङ, तामाङलगायत समुदायको मानव अधिकार अवस्थासम्बन्धमा पनि अनुगमन गरिएको छ । आई.एल.ओ. महासन्धि १६९ लगायत आदिवासी जनजातिको विविध विषयमा उनीहरूकै प्रतिनिधिमुलक मानव अधिकारसम्बद्ध संघसंस्थाको सहकार्य विभिन्न कार्यहरू सम्पादन भइरहेका छन् ।

अध्याय चार
अध्ययनबाट प्राप्त तथ्य, जानकारी र विश्लेषण

४.१. घुमन्ते-फिरन्ते राउटेको जनसाख्यिक अवस्था

अध्ययन टोलीले आधुनिक मानव सामाज र जीवनशैलीबाट टाढा रही आफ्नै मौलिक मुल्य मान्यता जंगली कन्दमुल, बादरको शिकार तथा काठबाट बनेका परम्परागत सामाग्री तयार गरी अधिकांश समय स्वश्रम गरि बस्ने, रैथाने ज्ञान र सीपमा रमाएका मानव सभ्यताको विकास क्रमको जिउदो ईतिहासको रूपमा रहेको घुमन्ते-फिरन्ते राउटेको जनसांख्यिक अवस्था नै स्थलगत सर्वेक्षण गरिएको छ । २०८० भाद्र मसान्तमा स्थलगत सर्वेक्षण अनुसार ७४ महिला र ६३ पुरूष गरी १३७ जना राउटे घुमन्ते-फिरन्ते अभ्यास रहेको पाइएको छ । यो आंकडाले के देखाएको छ भने समग्रमा राउटे महिलाभ न्दा पुरूषको जनसंख्या ९ जनाले कम देखिएको छ । राउटे समुहको जम्मा घरपरिवार संख्या ४४ रहेको छ ।

तालिका १: घुमन्ते-फिरन्ते राउटेको जनसंख्या

(स्रोतः स्थलगत सर्वेक्षण, २०८० माघ १५ गतेसम्म ।)

परिवार	महिला	प्रतिशत	पुरूष	प्रतिशत	जनसंख्या	प्रतिशत
४४	७४	५४	६३	४६	१३७	१००



घुमन्ते-फिरन्ते राउटे समुहमा ५ बर्ष मुनिका ३ बालक र १० बालिका गरी १३ बालबालिका अर्थात ९ प्रतिशत छन् । ६ देखि १२ बर्ष उमेर समुहमा बालक १९ र १६ बालिका गरी ३५ जना अर्थात २६ प्रतिशत छन् । १३ देखि १८ बर्ष उमेर समूहमा पुरूष ९ र महिला ८ गरी १७ जना अर्थात् १२ प्रतिशत छन् । १९ देखि २४ बर्ष उमेर समुहमा ६ पुरूष र ८ महिला गरी १४ जना अर्थात १० प्रतिशत छन् । २५ देखि ४० बर्ष उमेर समूहमा ९ पुरूष र १० महिला गरी १९ जना अर्थात् १४ प्रतिशत छन् ।

त्यस्तै, ४१ देखि ६० बर्ष उमेर समूहमा ८ पुरूष र १६ महिला गरी २४ जना अर्थात् १८ प्रतिशत छन् र ६० बर्ष भन्दा माथि ९ जना पुरूष र ६ महिला गरी १५ जना अर्थात् ११ प्रतिशत मात्रै छन् ।

तालिका नं. २ : उमेर समूह अनुसार घुमन्ते-फिरन्ते राउटेको जनसंख्या

क्र.स.	उमेर समूह	पुरूष	महिला	जम्मा
१	५ बर्ष मुनिका बालबालिका	३	१०	१३
२	६ देखि १२ बर्ष	१९	१६	३५
३	१३ देखि १८ बर्ष	९	८	१७
४	१९ देखि २४ बर्ष	६	८	१४
५	२५ देखि ४० बर्ष	९	१०	१९
६	४१ देखि ६० बर्ष	८	१६	२४
७	६० बर्ष भन्दा माथि	९	६	१५
	जम्मा	**६३**	**७४**	**१३७**

४.२. पहिचानको अधिकार

दैलेख जिल्लाको गुराँस गाउँपालिकाले उपलब्ध गराएको परिचय पत्रको आधारमा सोही गाउँपालिका मार्फत घुमन्ते-फिरन्ते राउटे समुदायका व्यक्तिले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् । राउटेहरूको जन्म दर्ता, विवाह दर्ता, मृत्यू दर्ता लगायत कुनै पनि पञ्जिकरण भएको पाइएको छैन । यी घुमन्ते-फिरन्ते राउटे समुदायका कुनै पनि व्यक्तिले नागरिकता प्रमाणपत्र प्राप्त गरेका छैनन् ।

यसको कारण राउटे स्वयम् नागरिकता प्रमाणपत्र प्राप्त गर्न इच्छुक छैनन् भने राज्यबाट उनीहरूलाई नागरिकता दिलाउने पर्याप्त प्रभावकारी पहल पनि भएको पाइदैन । मतदाता परिचय पत्र समेत नभएका राउटे समुदाय निर्वाचनको कुनै प्रक्रियामा सहभागी भएको पाइदैन । दिगो विकास लक्ष्य १६ को परिणात्मक लक्ष्य १६. ९. मा सन् २०३० सम्ममा जन्मदर्ता लगायतमा अन्य कानुनी पहिचान सबैमा प्रदान गर्ने लक्ष्य निर्धारण गरिएको छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले प्रत्येक व्यक्तिलाई जन्मेपछि तत्कालै दर्ता गर्नुपर्ने व्यवस्था गर्नुका साथै पत्येक व्यक्तिलाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ । प्रत्येक व्यक्तिलाई मतदानमा भाग लिने र निर्वाचित हुने अधिकार हुन्छ । नेपाल संविधानको धारा १० ले प्रत्येक नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकको प्रत्याभूत गरेको छ । यी व्यवस्थाहरू घुमन्ते-फिरन्ते राउटे समुदायमा कार्यान्वयन भएको छैन ।

४.३. महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति र बालबालिकाको अधिकार

घुमन्ते-फिरन्ते राउटे समुदायमा ७४ जना महिला छन् । पितृसतात्मक सामाजिक व्यवस्था भएको यो समुदायका महिलाहरू बाहिरी समाजसँग घुलमिल हुन चाहदैनन् । राज्यबाट प्रजनन् स्वास्थ्यसम्बन्धी कुनै पनि हेरचाह पाएका छैनन् । महिलामा पोषणको निकै अभाव रहेको छ ।

बाह्य समुदायको हस्तक्षेप तथा राउटे समुदाय बाह्य समुदायको सम्पर्कमा आउन थालेका कारण केहि युवतीहरू यौनजन्य हिंसाको घटना भएको पाइएको छ । २०७८ जेठ २१ गते घुमन्तेफिरन्ते राउटे समुदायका दुई किशोरीलाई प्रलोभनमा पारी सुर्खेतको एक होटलमा करणी भएको घटना सार्वजनिक भएको थियो । आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाले तत्काल ध्यानाकर्षण जनाउनुका साथै तत्काल स्थलगत अनुगमन गरेको थियो । सो घटना सम्बन्धमा आयोगले २०७८ जेठ २३ गते विज्ञप्ति पनि जारी गरी सम्बन्धित सबैको ध्यानाकर्षण गराएको थियो । यस घटनामा नेपाल प्रहरीबाट अनुसन्धान भई जिल्ला सरकारी वकिलको कार्यालय, सुर्खेत मार्फत सम्मानित जिल्ला अदालत, सुर्खेतमा मुद्धा



अपाङ्गता भएका राउटे समुदायले परिचय पत्र प्राप्त गरेको पाइएन । साथै १६ जना एकल महिलाले पनि परिचय पत्र प्राप्त गरेको पाइएन । अपाङ्गता भएका र एकल महिलाले सो पहिचानको आधारमा राउटे समुदाय सामाजिक सुरक्षा प्राप्त गर्न सकेका छैनन् । महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ले महिलाहरूलाई अन्य असक्षमताका आधारमा भेदभावजन्य व्यवहार वा कार्य गर्न पाइदैन । तर कर्णाली प्रदेशमा घुमन्तेफिरन्ते राउटे समुदायका अपाङ्गता भएका व्यक्ति र एकल महिलाहरूलाई पुर्णतया वेवास्ता गरेको पाइयो । अन्य सामाजिक सुरक्षा कायक्रमहरूबाट प्रत्यक्ष फाइदा लिने अधिकार महिलाहरूको अधिकार प्रत्याभूति भएको देखिएन ।

राउटे समुदायमा १८ वर्ष भूमिका व्यक्तिहरू ४७ प्रतिशत अर्थात ६५ जना नागरिक १८ वर्ष मुनिका छन् । कुनै पनि बालबालिकाहरू औपचारिक वा अनौपचारिक शिक्षाको पहुँचमा भएको पाइएन । सोसेक, दैलेखले केहि बालबालिकालाई अनौपचारिक रूपमा अक्षर चिनाउने र नामसम्म लेख्न सिकाएको पाइयो । अन्य अवस्थामा शिक्षाको कुनै माध्यबाट पनि राज्यको उपस्थिति देखिएन । शारीरिक अवस्था अवलोकन गर्दा अधिकांश बालबालिकामा पोषणको

समस्या देखिन्छ । राउटे समुदायको आधा भन्दा बढी बच्चालाइ कुपोषणको समस्या रहेको देखिन्छ । उनीहरूको शारीरिक अवस्था हेर्दा उचाई, मोटाइ र देखाई देख्दा अलि फरक देखिन्छन । आमाहरूमा पनि शिशुलाई निरन्तर स्तनपान गराउनु पर्दछ भन्ने चेतना कम भएको देखिन्छ । राउटे महिलाहरूले नवजात शिशुलाई पनि निरन्तर स्याहारसुसार अलि कम गरेको देखिन्छ । उनीहरूले मौसम अनुकूल पर्याप्त कपडा प्राप्त गर्न सकेका छैनन् । सरसफाई भएको देखिएन । बाल अधिकारको न्यूनतम गुञ्जायस नै भेटिएन ।

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६ अनुसार बालबालिको हेरचाह र शिक्षाको दायित्व राज्यको हुने हुँदा सम्भव भए सम्म व्यापक सुरक्षा र सहायता दिनु पर्दछ । बाल अधिकारसम्बन्धी महासन्धि १९८९ ले प्रत्येक बालबालिकालाई बाँच्न पाउने जन्मसिद्ध अधिकार दिएको छ । जन्मनासाथ बालबालिकालाई दर्ता गर्ने, नाम राख्ने र राष्ट्रियताको अधिकार हुन्छ । अल्पसंख्यक समुदायका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन आम संचार माध्यमलाई प्रोत्साहन दिनु पर्दछ । पारिवारिक वातावरणमा रहँदा सर्वोत्तम हित हुन नसकेको अवस्थामा राज्यद्वारा विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुन्छ । त्यस्ता बालबालिकाहरूका लागि वैकल्पिक हेरचाह को व्यवस्था राज्यले गर्नुपर्दछ । बालबालिकालाई पोषणयुक्त खाद्यन्न र शुद्ध पिउने पानीको व्यवस्था गरेर रोग र कुपोषणबाट जोगाउने उल्लेख छ । पोषण, लुगाफाटो, आवाससम्बन्धमा भौतिक सहयोग गर्ने उल्लेख छ । अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने, अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने, परम्परागत शिक्षा प्रदान गर्न सकिने व्यवस्था पनि छ । मातृभाषी शिक्षा प्रदान गर्ने सम्बन्धमा प्रदेश सरकार वा स्थानीय तहले स्थानिय विशेषता र आवश्यकता अनुसार थप प्रवन्ध गर्न सक्ने पनि व्यवस्था रहेको छ । अपाङ्गता भएका, आर्थिक रूपले विपन्न समुदायका बालबालिकाको लागि विशेष व्यवस्था गरेको छ । यी व्यवस्था कुनै कार्यान्वयन भएको पाइएन ।

४.४. घट्दो जनसंख्या

घुमन्ते-फिरन्ते राउटेको जनसंख्या प्रत्येक वर्ष घट्दै गएको पाइएको छ । पछिल्लो ५ वर्षको तुलनात्मक अध्ययन गर्दा २०७५ सालमा उनीहरूको जनसंख्या १४९ थियो । २०७६ मा १४८ जना भयो । २०७७ मा घटेर १४५ र २०७८ मा १४४ जना भएको पाइएको छ । २०७९ मा यो संख्या १४३ मा सिमित भएको पाइएको छ । २०८० साल माघ १५ सम्म घुमन्ते-फिरन्ते राउटेको जनसंख्या घटेर १३७ भएको छ । यो समुदायमा नयाँ जन्ममा लामो अन्तराल भएको पाइएको छ । साढे दुई वर्षमा २०८० श्रावण-भाद्रमा दुई शिशु (बालिका)को जन्म भएको पाईएको छ ।

राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु/नराख्नु, प्रजनन् स्वास्थ्य अभाव, गुणस्तरहिन परम्परागत आवासमा बसोबास, मौसम अनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाईको अभाव जस्ता कारणले अकालमा मृत्यूवरण भएको पाइन्छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अनुसार राज्यले कुनै पनि अवस्थामा कुनै पनि नागरिकलाई आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गराउन पाईदैन । आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) ले पनि फिरन्ते नागरिक र घुमन्ते किसानहरूको अवस्था उपर विशेष ध्यान दिनु पर्ने राज्यको दायित्वको रूपमा व्यवस्था गरेको छ । यी व्यवस्था राउटेको हकमा कार्यान्वयन हुन नसक्नु पनि उनीहरूको संख्या घट्नुको कारक होइन भन्न सक्ने अवस्था रहेन । नेपाल सरकारले लोपोन्मुख आदिवासी जनजातिमा सूचिकृत यो समुदायप्रति राज्यको जिम्मेवारी थप सुदृढ नहुने हो भने एउटा प्रथाजनित परम्परासहितको पृथक समुदाय पृथ्वीबाट लोप हुने प्रवल सम्भावना देखिन्छ ।



४.५. प्राकृतिक स्रोतमा राउटेको पहुँच

राउटेहरू खोला, नदि र जंगलको आसपासमा परम्परागत देखि नै घुमफिर र बसोबास गर्दै आएका छन् । वनजंगलका स्रोतको प्रयोगसम्बन्धमा कर्णाली प्रदेशको वन निर्देशनालयले मिति २०७५ चैत्र २७ गते डिभिजन वन कार्यालय सुर्खेत, सल्यान, जाजरकोट, दैलेख र कालिकोटलाई लोपोन्मुख राउटे जातिलाई सामुदायिक वन उपभोक्ता समितिमा समावेश गर्न दिने विषयमा पत्राचार भएको देखिन्छ । राउटेलाई वन पैदावार सहज प्राप्त गर्न सक्ने व्यवस्था, राउटेले निर्माण गर्ने सामाग्री बनाउने रूखविरूवाको मितव्ययी प्रयोग गर्न दिने जस्ता विषय परिपत्रमा भएको देखिन्छ । साथै राउटे जातिलाई कुनै वन क्षेत्रमा अस्थायी रूपमा बसेको पाइएमा उक्त क्षेत्रबाट राउटेलाई भगाउने, तर्साउने, उपेक्षा गर्ने खालका व्यवहार नगरी उपभोक्तालाई गरीने व्यवहार गर्नु पर्ने प्रावधान सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजनामा समेट्नु पर्ने विषय समेत समावेश भएको देखिन्छ । केहि सामुदायिक वनले परिपत्रका विषयवस्तु कार्यन्वयन गरेको पनि जानकारी पाइएको छ ।

राउटे मुखियाहरूका अनुसार जंगल आसपास बसोबास गर्न अहिले वनसँग सम्बन्धित स्थानीय व्यवस्थापनले अवरोधको प्रयास विभिन्न स्वरूपमा गर्ने गरेको जानकारी दिएका छन् । वनजंगलको उत्पादन र काठपातमा आश्रित प्रथाजनित अभ्यासमा खडा भएका अवरोध विषयले ती समुदायका जिविकोपार्जनमा

संकट उत्पन्न हुने त्रास पनि देखिन्छ । निर्वाध रूपमा उनीहरूले प्रथाजनित अभ्यासको निरन्तरता चाहन्छन् । राउटेहरूको बसोबासका विषयमा वन सम्बद्ध राज्यमा निकाय र सामुदायिक वनसँग सरोकार राख्ने समुदायविच खासै नीतिगत छलफल भएको छैन ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ ले सम्पुर्ण जनतामा आत्मनिर्णयको अधिकार सुरक्षित गरेको छ । स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास गर्ने अधिकारको व्यवस्था गरेको छ । आफ्नो प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन् । कुनै राष्ट्रको ईलाकाभित्र कानूनी रूपमा रहेका प्रत्येक व्यक्तिलाई सो इलाकाभित्र आवातनजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुन्छ । आदिवासी जनजाति सम्बन्धी महासन्धि, १९८९ (अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९) अनुसार आदिवासीको जीवन, आस्था, संस्था तथा आध्यात्मिक कल्याण तथा निजहरूले ओगटेको वा अन्य किसिमले प्रयोग गरेको भूमिमा प्रभाव पार्ने विकासको प्रक्रियाका लागि आफ् नो प्राथमिकता निर्धारण गर्ने तथा सम्भव भएको हदसम्म उनीहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास उपर नियन्त्रण कायम राख्ने अधिकार हुन्छ । सरकारले आदिवासीका संस्कृति र आध्यात्मिक मुल्यहरूको लागि अवस्थानुसार निजहरूले ओगटेका वा अन्य कुनै पनि किसिमले प्रयोग गरेका भूमि वा भू-क्षेत्र वा दुवैसँग निजहरूको सम्बन्धको र खासगरी यस सम्बन्धको सामुहिक पक्षको विशेष महत्व गर्नुपर्दछ । परम्परागत रूपमा ओगट्दै आएको निजहरूको स्वामित्व र भोगाधिकारलाई मान्यता दिनु पर्दछ । आदिवासीहरूले एकलौटी रूपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि परम्परागत रूपमा पहुँच प्राप्त गरेका भूमि प्रयोग गर्ने निजहरूको अधिकारको रक्षा गर्नको लागि उपयुक्त अवस्थाहरूमा उपायहरू अपनाउनु पर्दछ । सरकारहरूले सम्बन्धित जनताहरूले परम्परागत रूपमा ओगटेको भूमि पहिचान गर्न निजहरूको स्वामित्व र भोगाधिकारको प्रभावकारी संरक्षणको प्रत्याभूति दिन आवश्यक कदम चाल्नु पर्दछ । आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ बमोजिम भूमि, क्षेत्र तथा संसाधनहरूमाथी स्वामित्व पाउने अधिकार, प्रयोग गर्ने अधिकार, विकास गर्ने र नियन्त्रण गर्ने अधिकार छ । यी अधिकार उपभोगमा अवरोध प्रयास भएता पनि अवरोध नै भएको अवस्था भने पाइएको छैन ।

प्राकृतिक स्रोतमा राउटेको समान र समतामूलक पहुँच निर्माणका लागि कर्णाली प्रदेशको वन निर्देशनालयवाट सामान्य प्रयास भएपनि कार्यान्वयन अवस्था प्रभावकारी छैन । नेपालको संविधानको धारा ५६ (५) को अधिकार प्रयोग गरी सरकारले राउटेका लागि विशेष संरक्षण क्षेत्र घोषण गर्नुपर्ने आवश्यकता देखिन्छ । उक्त घोषणावाट राउटेहरूको सामुहिक अधिकारको प्रभावकारी संरक्षण तथा सम्वर्द्धन हुन सक्ने अवस्था देखिन्छ ।

४.६. गुणस्तरीय खाद्यान्न, स्वास्थ्य तथा सरसफाईको अधिकार

मानव वस्तीभन्दा टाढा जंगलभित्र बसोबास गर्ने, आफ्नै मौलिक सिप र कलाको उपयोग गरि जङगली काठपातबाट भाँडाकुँडा बनाई नजिकको मानव वस्तीमा अन्नसँग साट्ने, जंगली जनवार बाँदर आदिगो सिकार गर्ने, स्थानान्तरण भइरहने जस्ता प्रथाजनित परम्परागत अभ्यास भएका राउटेहरूको मुख्य आहार वनजंगल भित्रका कन्दमुल नै हो । तर बाह्य समाजको प्रभाव तथा सम्पर्कमा आउनजान थालेका छन् । परिणाम स्वरूप बाह्य समाजबाट प्राप्त खाद्यान्न प्रयोग गर्ने क्रम बढेको पाइएको छ ।

राहत तथा खाद्यन्न सहयोगबाट आउने खाद्यन्न प्रयोग गर्ने क्रम बढेको पाइएको छ । तर राहत स्वरूप प्राप्त हुने खाद्यन्नको गुणस्तर परिक्षणसम्बन्धित निकायबाट स्थलगत अनुगमन हुने गरेको छैन । चोटपटक वा विरामी हुँदा जडिबुटीजन्य परम्परागत उपचार गर्ने गर्दछन् । तथापि अहिले आधुनिक समाजको औषधी प्रयोग पनि गर्ने आदतको विकास भएको छ । खोला, नदि वा मुलको पानी प्रत्यक्ष प्रयोग गर्ने गरेको पाइएको छ । दिगो विकास लक्ष्य नं. ६ को परिणात्मक लक्ष्य ६.१. मा सन् २०३० सम्ममा सबैको निम्ति सुरक्षित खानेपानीको सर्वाव्यापक पहुँच हासिल गर्ने विषय राउटे समुदायको पहुँचमा पुग्ने सक्ने देखिएन ।

४.७. गुणस्तरीय आवासको अधिकार

राउटे समुदायको बसोबासको आवास विशेष प्रकारको कपडाले छाएको बारेको, बनको काठपातले बारेको अस्थायी आवास बनाएर परम्परागत बसोबास गरिरहेका छन् । कपडा वा पातपतिंगर ओच्छ्याएर भुइँमा नै सुत्ने गरेको पाइएको छ । सिलभर, आलुमिनियम, काठको सामान र पातपतिंगर खाना पकाउन तथा पानी संकलन गर्न प्रयोग गर्ने गरिएको पाइएको छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अनुसार आफ्नो प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन् । नेपालको संविधानको धारा ३७ ले आवासको अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ ।

आवासको अधिकार सम्बन्धी ऐन, २०७५ ले अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकारको व्यवस्था गरेको छ । संवैधानिक तथा कानूनी व्यवस्था अनुसार आवासको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट नागरिकलाई सुरक्षित राखिनु पर्दछ । तथापि यी राउटे समुदायको गुणस्तर आवासको अधिकार उपभोग गर्न पाएका छैनन । आधुनिक आवास प्रथाजनित रूपमा उनीहरू चाहदैन । राज्य उनीहरूको प्रथाजनित आवासको अभ्यासलाई थप गुणस्तर र व्यवस्थापन गर्न प्रभावकारी प्रयास पनि गर्न सकेको देखिदैन । यसको प्रत्यक्ष असर यी समुदायको स्वास्थ्यमा परकॊ देखिन्छ । जोखिमपूर्ण आवास अभ्यासलाई निरन्तरता दिइएको पाइएको छ । मौसम अनुकूल लत्ताकपडा, सरसफाई, स्वच्छ खानेपानी, गुणस्तरीय खाद्यन्न र गुणस्तरीय आवास नहुनाले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको पाइएको छ । सन् २०३० सम्ममा सुरक्षित घरमा सबैको पहुच सुनिश्चित गर्ने र झुपडीहरूलाई स्तरोन्नति गर्ने दिगो विकास लक्ष्यको परिणात्मक लक्ष्य घुमन्ते-फिरन्ते राउटे समुदायमा कार्यान्वयन देखिएन ।

संवैधानिक तथा कानूनी व्यवस्था अनुसार आवासको अधिकारको अधिकारवाहक राउटेहरू पनि हुन् । राज्यले यो अधिकारको कार्यान्वयन गर्दा आवश्यकता अनुसार उपयुक्त आवासको व्यववस्था गर्न सक्दछ । राउटे घुमन्ते-फिरन्ते प्रकृतिको भएको हुनाले उनीहरूलाई चाहिने आवास स्थायी प्रकृतिको हुन सक्दैन । अस्थायी प्रकृतिको आवास रहने हुँदा सुरक्षित र गुणस्तरीय अस्थायी प्रकृतिको स्थानान्तरण गर्न मिल्ने आवासको व्यवस्था गर्न सकिन्छ । हालसम्म राउटेहरूको आवासको हकमा राज्यको प्रर्याप्त ध्यान पुग्न सकेको छैन । संविधानको मौलिक हक कार्यान्वयनको लागि आवश्यक ऐन नियमनको समेत व्यवस्था भइसक्दा हालसम्म तीनै तहको सरकारको यथेष्ट ध्यान पुग्न नसक्नु पुक प्रकृतिको मानव अधिकार उल्लघंन हो । यस यस अवस्थामा दिगो विकासको सम्बन्धित लक्ष्य पनि पुरा हुन सक्दैन ।

४.८. घुमन्ते-फिरन्ते राउटेको बसोबासको क्षेत्र



राउटे नेपालको सुदुरपश्चिम र कर्णाली प्रदेशको विभिन्न जिल्लाहरूमा घुमफिर गर्दै बसोबास गर्दै आएका छन् । राउटे सुदुरपस्चिम प्रदेशको अछाम जिल्ला, कर्णाली प्रदेशको जाजरकोट, दैलेख, सल्यान र सुर्खेत तथा लुम्बिनी प्रदेशको दाङ जिल्लासम्म पुग्ने गरेको पाइएको छ ।

जहाँ राउटे घुम्ने तथा आउने जाने गर्दछ । हरियो धर्साले राउटे घुमघाम गर्ने रूटलाइ संकेत गर्दछ भने रातो बिन्दुले कहाँ कहाँ बस्छन भन्ने कुराको संकेत गर्दछ । राउटे मुख्य रूपमा दैलेख जिल्ला भरि घुम्छन भने दैलेख जिल्लाको वरिपरी पनि उनीहरू घुमघाम गर्ने गर्दछन । करिव ९०० बर्ष देखि यहि जिल्लाहरूलाई आधार बनाएर घुमघाम गर्ने गर्दछन् । यो क्षेत्र छोडेर अन्य जिल्ला तथा लामो दुरीमा यिनीहरू जाँदैनन् । यी जिल्ला तथा ठाउँहरूमा राउटेको भावनात्मक सम्बन्ध गाँसिएको देखिन्छ ।

२०७५ साल असारदेखि २०७९ असार मसान्तसम्म घुमन्ते फिरेन्ते यी राउटेहरू ७८ ठाउँमा सामुहिक घुमपिर बसोबास गरेको पाइएको छ । यस क्रममा उनीहरू सुर्खेत, दैलेख, जाजरकोट र सल्यान जिल्ला सामुहिक रूपमा पुगेको पाइएको छ । घुमन्ते फिरेन्ते राउटे समुदाय बसोबास गरेको पछिल्लो विववरण तालिका नं. ३ मा समावेश गरिएको छ ।

तालिका नं. ३: घुमन्ते-फिरन्ते राउटे स्थानान्तरण भई बसोबास गरेको स्थान (स्रोतः सोसेक, नेपाल)

क्र.सं.	नगरपालिका/गाउँपालिका	वडा न.	जिल्ला	कैफियत
१.	गुराँस गा. पा., गचोखोला	८	दैलेख	
२.	गुराँस गा. पा., झ्याजे	८	दैलेख	
३.	वीरेन्द्रनगर न.पा., मेहेली	१६	सुर्खेत	
४.	वीरेन्द्रनगर न.पा. सिरानी खोला	१६	सुर्खेत	
५.	वीरेन्द्रनगर न.पा. थापावादी	१६	सुर्खेत	
६.	लेकवेशी न.पा., गोचेखोला	८	सुर्खेत	
७.	लेकवेशी न.पा., चौरासे	८	सुर्खेत	
८.	लेकवेशी न.पा., गङगट्टे	९	सुर्खेत	
९.	लेकवेशी न.पा., ज्यामिरे	९	सुर्खेत	
१०.	लेकवेशी न.पा., लामीडाँडा	१०	सुर्खेत	
११.	लेकवेशी न.पा., रातेखोला	१	सुर्खेत	
१२.	लेकवेशी न.पा., राउटे धारा	१	सुर्खेत	
१३.	लेकवेशी न.पा., भेरी किनार	१	सुर्खेत	
१४.	लेकवेशी न.पा., चिप्ले	१	सुर्खेत	

१५.	गुर्भाकोट न.पा., लाटाधारा	१३	सुर्खेत	
१६.	गुर्भाकोट न.पा., गुमी खोला	१३	सुर्खेत	
१७.	गुर्भाकोट न.पा., पानी खोला	१३	सुर्खेत	
१८.	गुर्भाकोट न.पा., शिवालयडाँडा	६	सुर्खेत	
१९.	गुर्भाकोट न.पा., बेतेनी खोला	१४	सुर्खेत	
२०.	गुराँस गा. पा., निगालपानी	५	दैलेख	
२१.	गुराँस गा. पा., कान्छी बजार	५	दैलेख	
२२.	गुराँस गा. पा., सतुवा चौर	५	दैलेख	
२३.	वीरेन्द्रनगर न.पा., राउटे गल्छेना	१३	सुर्खेत	
२४.	बराहताल गा.पा., सोतखोला	९	सुर्खेत	
२५.	वीरेन्द्रनगर न.पा., नलखोला	१३	सुर्खेत	
२६.	वीरेन्द्रनगर न.पा., सोलीघोप्टे	१३	सुर्खेत	
२७.	वीरेन्द्रनगर न.पा., राटेडाँडा	१३	सुर्खेत	
२८.	भेरीगंगा न.पा., भेरी किनार	२	सुर्खेत	
२९.	भेरीगंगा न.पा.,पटेनी	२	सुर्खेत	
३०.	भेरीगंगा न.पा.,छिन्चु खोला	२	सुर्खेत	
३१.	भेरीगंगा न.पा.,भेरी किनार	२	सुर्खेत	
३२.	वीरेन्द्रनगर न.पा., झुप्राखोला	१६	सुर्खेत	
३३.	वीरेन्द्रनगर न.पा., भाङघारी	१६	सुर्खेत	
३४.	वीरेन्द्रनगर न.पा., चन्दनपुर	१६	सुर्खेत	
३५.	वीरेन्द्रनगर न.पा., सुर्पडाँडा	१६	सुर्खेत	
३६.	गुराँस गा. पा., निंगालपानी वुरैराखे	५	दैलेख	
३७.	गुराँस गा. पा., निंगालापानी	५	दैलेख	
३८.	गुराँस गा. पा., धरमपोखरा	८	दैलेख	
३९.	चिङ्गाड गा.पा., घाम ताप्ने	३	सुर्खेत	
४०.	गुराँस गा. पा.,, घ्युपोखरी	८	दैलेख	
४१.	चिङ्गाड गा.पा., सल्लेरीडाँडा	३	सुर्खेत	

४२.	चिङ्गाड गा.पा., ढाँडखेत	४	सुर्खेत	
४३.	चिङ्गाड गा.पा., चिहानघाट	४	सुर्खेत	
४४.	चिङ्गाड गा.पा., हलेद	६	सुर्खेत	
४५.	चिङ्गाड गा.पा., पुर्णा	६	सुर्खेत	
४६.	लेकवेशी न.पा., गंगट्टे चिसापानी	९	सुर्खेत	
४७.	गुर्भाकोट न.पा., वेतेनीखोला	१४	सुर्खेत	
४८.	गुर्भाकोट न.पा., लाराखेत	१४	सुर्खेत	
४९.	गुर्भाकोट न.पा., आँपसोती	१०	सुर्खेत	
५०.	गुर्भाकोट न.पा., चिसापानी पुल	९	सुर्खेत	
५१.	कालिमाटी गाउँपालिका, काल्चे	५	सल्यान	
५२.	कालिमाटी गाउँपालिका, जिकरीखोला	५	सल्यान	
५३.	गुर्भाकोट न.पा.	१	सुर्खेत	
५४.	गुर्भाकोट न.पा.	२	सुर्खेत	
५५.	गुर्भाकोट न.पा.	४	सुर्खेत	
५६.	बनगाड कुपिण्डे न.पा., बालुवासंग्राही	९	सल्यान	
५७.	बनगाड कुपिण्डे न.पा., छाट गाउँ	१	सल्यान	
५८.	बनगाड कुपिण्डे न.पा., नामा गाउँ	२	सल्यान	
५९.	बनगाड कुपिण्डे न.पा., कागै गाउँ	२	सल्यान	
६०.	सिम्ता गा.पा., कालेखोला	४	सुर्खेत	
६१.	सिम्ता गा.पा., बाँखर्क	३	सुर्खेत	
६२.	शिवालय गा.पा., मोर्क	१	जाजरकोट	
६३.	छेडागाड न.पा., थलह बजार	५	जाजरकोट	
६४.	छेडागाड न.पा., थलह घुम्नेगाउँ	९	जाजरकोट	
६५.	छेडागाड न.पा., थलह बाका	५	जाजरकोट	
६६.	छेडागाड न.पा., सोपडा	२	जाजरकोट	
६७.	भगवतीमाई गा.पा., मनघरचौर	४	दैलेख	
६८.	भगवतीमाई गा.पा., मनघर गाउँ	४	दैलेख	

६९.	भगवतीमाई गा.पा., खोपा खोला	२	दैलेख	
७०.	भगवतीमाई गा.पा., बबियातडा	१	दैलेख	
७१.	नारायण न.पा., लोहोरे	८	दैलेख	
७२.	नारायण न.पा., चुप्रा	९	दैलेख	
७३.	नारायण न.पा., कोटिला	९	दैलेख	
७४.	भगवतीमाई गा.पा., हुलाक टाकुरा	१	दैलेख	
७५.	डुङ्गेश्वर गा.पा., चुप्रा	१	दैलेख	
७६.	भैरवी गा.पा., नाविस्थान	१	दैलेख	
७७.	दुल्लु न.पा., गभौडी (नाविस्थान)	१०	दैलेख	
७८.	भैरवी गा.पा., जलजले (दौडधार)	१	दैलेख	

तालिका नं. ३ अनुसार २०७५ साल असारदेखि २०७९ असार मसान्तसम्म अर्थात ५ वर्षको अवधिमा ७८ स्थानमा बसोबास गरेको पाइएको छ । सबैभन्दा धेरै ४६ पटक सुर्खेत जिल्ला, दैलेख २१ स्थान, सल्यान ६ स्थान र जाजरकोट जिल्लामा ५ पटक स्थानान्तरण भई बसोबास गरेको देखिन्छ । यस स्थानान्तरणको अवस्था अनुसार सुर्खेत र दैलेख जिल्लाका स्थान बढी मन पराएका देखिन्छन् ।

४.५. राउटेको रहनसहन तथा बाह्य प्रभाव

राउटेहरु करिव ९०० बर्ष देखि नेपालको जंगलहरूमा बस्दै आएको विश्वास छ । संसारको विभिन्न कुनामा अझै पनि झन्डै ७ वटा झुण्डहरू आधुनिक मानवको सम्पर्क भन्दा बाहिर रहेको देखिन्छ । करिव १० वटा झुण्डहरू आधुनिक मानवको सम्पर्कमा भएको पाइन्छ तर उनीहरूको जीवनशैली घुमन्ते-फिरन्ते देखिन्छ । नेपालका राउटेहरु पनि यहि पछिल्लो समुहमा पर्दछन । उनीहरूले मुख्यत परम्परागत पेशा अंगालेका छन् । आधुनिक जीवनप्रति आशक्ति देखिन थालेका छन् । सरकारी सुविधा तथा गैरसरकारी संघसंस्थाहरूको वस्तु, जिन्सी, मुद्रा आदि सहजै लिने गरेको पाइएको छ । बाहिरीयाहरूको प्रभाव र उनीहरूको संगतले राउटेहरूको खानपान तथा लवाइखवाईमा विस्तारै परिवर्तन हुन थालेको छ । अध्ययनले के देखाएको छन् भने महिला र पुरूष दुबैमा अत्यधिक मधपानको लत बसेको देखिन्छ । महिलाले चुरोट पिउने र पुरूषले सुर्ती खाने गरेको

देखिन्छ । राउटेहरू परम्परागत रूपमा पौरखी जाति भए पनि विस्तारै मागेर खाने आदत बढ्दै गएको छ । उनीहरूको मान्यता अनुसार पैसा लिनु पाप हो, अर्काको मागेर खानु पाप हो भन्ने कुरालाई छोडी अहिले नयाँ मान्छेलाइ देखे पछि पैसा माग्ने, सामान किन्न लगाउने, तरकारी किन्न लगाउने जस्ता कार्य गर्ने गरेको पाइएको छ ।

तथापि, मानव बस्तीबाट अलि टाढा जंगल र जंगलको आसपासमा बस्ने र आफ्नै मौलिक सीप र कलाको उपयोग गरी बनाएका काठका भाँडाँकुडाँहरू जस्तै थाल, मदुस/सन्दुक, पिर्का, र अन्य सामानहरू लिएर नजिकको मानव बस्तीमा पुगी अन्नसँग साटी जिविकोपार्जन गर्ने र जंगली जनावरहरू जस्तै बाँदर आदिको सिकार गर्ने परम्परागत अभ्यास अझै पनि रहेको पाइएको छ । बाह्य समुदायसंगको सम्पर्क र राज्यका नीति निर्माताहरूसंगको सम्पर्क तथा संगतले राउटेहरूको जीवन चर्यामा परिवर्तन आउन थालेको छ । कतिपय अवस्थामा उनीहरूमा सकारात्मक परिवर्तन देखिन्छ भने धेरै नकारात्मक प्रभाव परेको देखिन्छ । मधपानको लत नकरात्मक प्रभावको उदाहरण हो । राउटे बानी व्यहोरा तथा लवाइखवाईमा परिवर्तन तर्फ अघि बढ्दै गएको देखिन्छ । बिरामी परेको बेलामा औषधि समेत लिने पाइएको छ ।

राउटे समुदायको उत्थानको लागि नेपाल सरकारले २०६३ सालदेखि सामाजिक सुरक्षा भत्ता दिँदै आएको छ । यसले उनीहरूलाई तत्कालको लागि फाइदा पुगेको भएता पनि दिर्घकालमा हेर्दा यसले परनिर्भरता बढाउँदछ । यो सहायताले उनीहरूको प्रथाजनित अभ्यास र ज्ञान विस्तारै प्रयोगहिन हुदैँ विस्तारै जान्छ र परनिर्भरतामा बाँच्न रूचाउन थाल्दछन्

सामाजिक सञ्जाल टिकटक, फेसवुक, ट्युटर, इन्टाग्राम, युट्युव प्रयोगकर्ता समेतले पनि राउटेहरूको अवस्थालाई कैद तथा प्रसारण गर्न थालेको छ । राउटहरूको परम्परागत ज्ञान, सीप, कला आदिको प्रवर्द्धन र संरक्षण गर्ने कुरामा यस्ता सामाजिक सञ्जालको प्रयोग हुँदा त ठिकै हो तर ती सबै राउटेको स्वतन्त्र, पुर्व सुसूचित सहमति विना भइरहेको छ । सामाजिक सञ्जालमा उनीहरूको विषयवस्तु अपलोड गर्दा उनीहरूको स्वतन्त्र, पुर्व सुसूचित सहमति लिने गरेको छैन । त्यति मात्र हैन, उनीहरूको गापनीयताको अधिकारको पनि उल्लङघन भइरहेको छ । गोपनीयतासम्बन्धी विषयवस्तु सामाजिक सञ्जालमा

अपलोड गरी उनीहरूको आत्मसम्मानमा आँच पुऱ्याउने कार्य भएको छ । राउटे युवतीलाई बलात्कार गरेको घटना युट्युवमा अपलोड गरेको विषयमा सम्मानीत जिल्ला अदालत सुर्खेतले पीडकलाई कारबाहीको फैसला समेत गरेको छ ।

आगन्तुकहरू आ-आफ्नै तरिकाले राउटे समुदायमा प्रवेश गरि फोटो तथा श्रव्यद्रव्य संकलन गर्ने टिकटक बनाउने र आफ्नै तरिकाले व्याख्या गर्ने गरेको पाइएको छ । नयाँ मानिसहरूको प्रवेशले उनीहरूको बानी व्यववहार तथा जीवन शैलीमा नकारात्मक परिवर्तन आएको छ । यसले उनीहरूलाई नकरात्मक रहनसहन विकासमा सहयोग गरिरहेको पाइएको छ ।

राउटे किशोर किशोरीहरूको विवाह बाह्य समूहसँग नहुने हुनाले र आफनै थर भित्रको फरक गोत्रीय बिचमा मात्र विवाह हुने हुनाले उमेर समुदायमा विवाहको समस्या देखिएको पाइएको छ । उमेरले योग्य युवा र युवतीले फरक गोत्रमा उमेर अनुसारको योग्य नहुनाले विवाहमा समस्या देखिएको छ । यसले गर्दा बढ्दो उमेरमा युवा युवती अविवाहित बस्नु परेको पाइएको छ ।

अध्याय पाँच
निष्कर्ष र सिफारिस

५.१. निष्कर्ष

घुमन्ते, फिरन्ते राउटेको बसोबास गरिरहेका स्थानको स्थलगत अवलोकन, अध्ययन, अनगुमन तथा परामर्श, विभिन्न महादेश तथा देशहरूको घुमन्ते-फिरन्ते समूहहरूको बारेमा गरिएको अध्ययनको दस्ताबेजहरूको समीक्षा, विज्ञहरूको अनुभव, सरकारी तथा गैरसरकारी संस्थाको प्रतिवेदन समिक्षा, मानव अधिकार सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनको समीक्षाका आधारमा अध्ययनको परिणाम र निष्कर्ष निकाल्ने कोसिस गरिएको छ । अध्ययनको परिणाम र निचोड निकाल्दा विधि र यसमा प्रयोग गरिएको सिद्धान्तलाइ पनि आधार मानिएको छ । परिणाम र निष्कर्षमा पुग्नको लागि ओलँदो (२०१९) प्रस्तुत गरे जस्तै इजरायलको बेदोउइन, सकेनदिनाभिएन र रूसको सामी, केन्या र तान्जेनियाको मसाई, भारतको गद्दी, आएरल्याण्डको आइरिस, दक्षिण अफ्रिकाको बुसमेन, उत्तर अफ्रिकाको अमाजिघ (बर्बर्स), कोलम्बियाको नुकक, कन्या र इथोपियाको गाब्रा र इरानको कवास्काइ बारेमा गरिएको अध्ययन र यिनीहरूको बारेमा गरिएका प्रयासहरूलाई पनि आधार मानिएको छ ।

नेपालको घुमन्ते-फिरन्ते लोपोन्मुख अल्पसंख्यक आदिवासी जनजाति राउटे समुदाय अक्सर कर्णाली प्रदेशको विभिन्न जिल्लाहरूमा घुमफिर गर्दै बसोबास गर्दै आएका छन् । राउटे सुदुरपश्चिम प्रदेशको अछाम जिल्ला, कर्णाली प्रदेशको जाजरकोट, दैलेख, सल्यान र सुर्खेत तथा लुम्बिनी प्रदेशको दाङ जिल्लासम्म पुग्ने गरेको पाइएको छ । यो क्षेत्रमा करिव ९०० वर्ष देखि घुमफिर गर्दै आएको विश्वास गरिन्छ । यिनिहरूको जनसंख्या विस्तारै घट्दो क्रममा छ । राउटेको जनसंख्या २०७५ सालमा १४९, २०७६ सालमा १४८, २०७७ सालमा १४५, २०७८ सालमा १४४ र २०७९ सालमा १४३ जना रहेका छन् । २०८० साल माघ १५ सम्म गरिएको स्थलगत सर्वेक्षण अनुसार महिला ७४ र पुरूष ६३ गरी घुमन्ते-फिरन्ते राउटेको जनसंख्या घटेर १३७ जनामा सिमित भएको देखिन्छ । यो समुदायमा नयाँ जन्मदर निकै कम हुदै गएको छ । आदिवासी जनजाति सम्बन्धी

महासन्धि, १९८९ (अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९) ले अनुसार फिरन्ते नागरिकहरूको अवस्था उपर विशेष ध्यान दिनु पर्ने राज्यको दायित्वको प्रभावकारी भएको पाइएन । यसकारण उनीहरूको संख्या घट्नुको यो कारक होइन भन्न सक्ने अवस्था रहेन ।

यी राउटे समुदायमा ४७ प्रतिशत नागरिक १८ वर्ष मुनिका छन् । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि, १९६६ अनुसार बालबालिको हेरचाह र शिक्षाको दायित्व राज्यको हुने हुँदा सम्भव भए सम्म व्यापक सुरक्षा र सहायता दिनु पर्ने व्यवस्था न्यूनतम पनि कार्यान्वयनमा छैन । मौसम अनुकूल लत्ताकपडा, सरसफाई, स्वच्छ खानेपानी, गुणस्तरीय खाद्यन्न र गुणस्तरीय आवास नहुनाले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको पाइएको छ ।

घुमन्ते-फिरन्ते राउटे समुदायमा ३ जना व्यक्ति अपाङगता भएको व्यक्ति रहेको पाइएको छ । राउटे समुदायमा एकल महिलाहरू १६ जना भएको पाइएको छ । महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ ले महिलाहरूलाई अन्य असक्षमताका अवस्थाहरूमा सामाजिक सुरक्षाको अधिकार व्यवस्था पूर्णत वेवास्ता गरेको पाइएको छ । सन् २०२२ मा सो महासन्धीको धारा ३९ सम्बन्धमा जारी साधारण टिप्पणीले आदिवासी जनजाति महिला र किशोरीका लागि राज्यको भूमिका थप परिभाषित गरेको छ । तथापि राउटे महिला तथा किशोरीको मानव अधिकारको राज्य भूमिका प्रभावकारी देखिन्न । राउटेहरूको जन्म दर्ता, विवाह दर्ता, मृत्यू दर्ता लगायत कुनै पनि पञ्जिकरण भएको पाइएको छैन ।उमेरले योग्य युवा र युवतीले फरक गोत्रमा उमेर अनुसारको योग्य नहुनाले विवाहमा समस्या देखिएको छ । नयाँ मानिसहरूको प्रवेशले उनीहरूको बानी व्यवहार तथा जीवन शैलीमा नकारात्मक परिवर्तन आएको छ । यसले उनीहरूलाई नकरात्मक रहनसहन विकासमा सहयोग गरिरहेको पाइएको छन् ।

विश्वव्यापी आवधिक समिक्षा मार्फ नेपालले स्वीकार गरेको सिफारिस राउटे समुदायको हक कार्यान्वयन भएको देखिन्न । साथै दिगो विकासको लक्ष्य प्राप्तिका लागि यी समुदायका लागि यथेष्ट प्रयास भएको पाइएन ।

राउटेहरूले आत्मनिर्णयको अधिकार उपयोग गरी स्वशासनको अभ्यास गरिरहेका छन् । उनीहरू निर्वाध रूपमा उनीहरूको प्रथाजनित अभ्यासको

निरन्तरता चाहन्छन् । आफ्नो प्राकृतिक सम्पत्ति र स्रोतहरूको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्दछन् । समग्र रूपमा राउटेहरूको प्रथाजनित अभ्यास निरन्तरतामा अवरोध उत्पन्न भए उनीहरूले प्रतिनिधित्व गरेको एउटा सभ्यताको अन्त्य सम्मुख देखिएको छ । उनीहरूको स्वच्छिक रोजाई आवास, खाद्यन्न, पोषण, लत्ताकपडा, शिक्षाको गुणस्तरीय उपलब्ध गराउने विधि तय गरी कार्यान्वयन जरूरी छ । बाहिरी आधुनिक समाजले उनीहरूको सभ्यता र स्वशासनमाथि गरेको अतिक्रमण नियन्त्रण हुन अत्यावश्यक छ । यसले उनीहरूको मानव अधिकार संरक्षण र सम्बर्द्धनमा सहयोग पुग्दछ । संघ, प्रदेश र स्थानीय तहले राउटेका लागि गरिने व्यवस्था र कार्यक्रमको एकिकृत अभ्यास जरूरी छ । नेपाल संविधानको धारा ५६ (५) ले संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि संरक्षित क्षेत्र कायम गर्न उपयुक्त हुन्छ । उनीहरूका लागि पृथक कानूनी व्यवस्था आवश्यक देखिन्छ ।

५.२. सिफारिस

राउटेको मानव अधिकार अवस्थाको स्थलगत अनुगमन, अध्ययन, राज्यको नीति तथा कार्यक्रमको समिक्षा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको नेपालमा कार्यान्वयन अवस्थाको समिक्षा अनुसार घुमन्ते-फिरन्ते राउटेका सन्दर्भमा तपसिलमा उल्लेखित बुँदा कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सिफारिस गर्न उपयुक्त देखिन्छ ।

(क) संघीय सरकार

१. नेपालको संविधानको धारा ५६ (५) ले उल्लेख मुताविक संघीय कानून बमोजिम सामाजिक साँस्कृतिक संरक्षणका लागि संरक्षित क्षेत्र घोषणा तथा कार्यान्वयन गर्न ।
२. घुमन्ते फिरेन्ते राउटेलाई संरक्षण, सुरक्षा र उनीहरूको प्रथाजनित अभ्यासको निरन्तरताका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहले पृथक कानूनी व्यवस्था गर्न ।
३. राउटेको बस्ती स्थानान्तरणसँगै स्थानान्तरित हुने गरी घुम्ती प्रहरी चौकी स्थापना गर्न ।

(ख) प्रदेश सरकार र स्थानीय सरकार

१. राउटे समुदायका नागरिकलाई प्रशासन, पञ्जिकरण, खाद्यन्न, राहत, स्वास्थ्यलगायत सेवाका लागि राउटेको बस्ती स्थानान्तरणसँगै स्थानान्तरित हुने 'घुम्ती एकिकृत सेवा केन्द्र' को स्थापना गर्नुपर्ने । साथै, राउटे महिला तथा बालबालिकाको पोषणका लागि 'घुम्ती पोषण गृह' स्थापना गर्न ।

द्द. प्रदेश तथा स्थानीय तहले राउटे समुदायको उत्थान, मुलप्रवाहिकरण तथा सशक्तिकरणका लागि एकिकृत आवधिक कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्न ।

घ. राउटेका विषयमा काम गर्न कुनै खास निकायलाई जिम्मेवारी तोक्न ।

द्ध. राउटेले नै स्वपहिचान गरे बमोजिम राउटेको स्थानान्तरणसँगै स्थानान्तरण गर्न मिल्ने गुणस्तरीय बसोवासको व्यवस्था गर्न ।

छ. राउटे समुदायको गोपनीयताको अधिकार संरक्षणको लागि राउटेको स्वतन्त्र पूर्व सुसूचित सहमति विना कुनै पनि श्रव्य दृश्य सामाग्री तयार, सङ्कलन र प्रसारणमा नियमन गर्न ।

ट. राउटे महिलाहरूमा प्रजनन् स्वास्थ्य जनचेतना अभिवृद्धि गर्न ।

(ग) स्थानीय सरकार

१. सामाजिक सुरक्षा भत्ता दिइरहेको गुराँस गाउपालिका, दैलेखले तत्काल ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिलाई परिचपत्र उपलब्ध गर्न/गराउन ।

२. राउटे समुदायलाई आयातित मदिरा तथा सुर्तीजन्य पदार्थ विक्रिवितरणमा नियमन गर्न ।

३. मातृभाषा सहित विशिष्टिकृत (व्यवहारिक, श्रव्य, दृश्य आदि) पाठ्यक्रम विकास गरी 'घुम्ती विद्यालय' (अनिवार्य तथा निःशुल्क शिक्षाको सम्बन्धी ऐन, २०७५ को दफा ३४) स्थापना गरी शिक्षाको प्रवर्द्धन गर्न। ।

४. राउटे वस्तीमा स्वच्छ खानेपानी उपलब्ध तथा सरसफाई जनचेतना अभिवृद्धि गर्न ।

(घ) गैरसरकारी संस्था

१. राउटे समुदायका नागरिकहरूलाई गैरसरकारी क्षेत्रबाट वितरण हुदै आएको राहत सामाग्री बितरणलाई एकद्वार प्रणाली मार्फत लागु गरी सेवा प्रदान गर्न ।

अनुसूचि-१: राउटे किसोरी माथी भएको यौनजन्य घटनापश्चात आयोगको प्रेस विज्ञप्ति

राष्ट्रिय मानव अधिकार आयोग

National Human Rights Commission, Nepal

केन्द्रीय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस-विज्ञप्ति

२३ जेठ, २०७८

मदिरा सेवन गराई राउटे समुदायका युवतीलाई यौन दुर्व्यवहार गरेको भनिएको घटनाको आयोगद्वारा अनुगमन

प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानूनी दायरामा ल्याउन आग्रह ।

सुर्खेतको गुर्भाकोट नगरपालिका-९ का युवाहरुले स्थानीय राउटे समुदायका युवतीहरुलाई प्रलोभनमा पारी मदिरा सेवन गराई यौन दुर्व्यवहार गरेको भनी विभिन्न माध्यमबाट आयोगलाई प्राप्त समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। आयोगको कर्णाली प्रदेश शाखा कार्यालय जुम्लाले यस सम्बन्धमा अनुगमन गरेको छ।

स्थानीय तीनजना युवाहरुले राउटे समुदायका दुई जना युवतीलाई प्रलोभनमा पारी स्थानीय होटलमा लगेर यौनजन्य कार्य गर्न बाध्य बनाएको, उक्त घटनाका कारण निज युवतीहरुलाई राउटे समुदायले अस्वीकार गर्ने सम्भावना देखिएको र उनीहरुको ज्यान नै जोखिममा पर्न सक्ने अनुगमनबाट पाइएको छ। प्रलोभनमा पारी यौनहिंसामा लगाइएका उल्लेखित दुई युवतीहरुलाई यस अघि पनि राउटे मुखियाले ४ महिना नजरबन्द जस्तै गरी बन्दी बनाइएको जानकारी प्राप्त भएको छ।

अत : पीडित युवतीहरुको गोपनीयताको संरक्षण गर्दै तत्काल स्वास्थ्य परीक्षण गर्न, उनीहरुको भौतिक सुरक्षा गरी जीवनको अधिकार संरक्षणमा तत्काल आवश्यक पहल गर्न र प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानूनी कारवाहीको दायरामा ल्याउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।

.....

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

अनुसूचि-२: अध्ययन अनुगमनको तस्विर

सुर्खेत गुर्भाकोट नगरपालिका वडा नं ११ आमसोतीमा रहेको राउटे बस्ती

राउटे बस्तीमा राउटे मुखिया सुर्यनारायण शाहीसँग छलफल गर्दै आयोगको अनुगमन टोली

आयोग र सोसेकको संयुक्त अनुगमन टोली सदस्य मुख्यसूचक अन्तर्वार्ता गर्दै

आयोग र सोसेकको संयुक्त अनुगमन टोली सदस्य मुख्यसूचक अन्तर्वार्ता गर्दै

राउटेको मानव अधिकार अवस्था सम्बन्धमा सामुहिक परामर्श गर्दै आयोगको अनुगमन टोली

आयोगले आयोजना गरेको राउटेको मानव अधिकार अवस्था सम्बन्धी सरोकारवाला परामर्श कार्यक्रममा आदिवासी जनजाति आयोगका मा. अध्यक्षज्यू, आयोगका मा. सदस्यज्यूहरू, आदिवासी जनजाति उत्थान राष्टिय प्रतिष्ठानका सदस्यसचिव, राउटे मुखिया लगायत सरोकारवालाहरूको सामुहिक तस्विर ।

सोसेक, दैलेखका कर्मचारी राउटेको प्राथमिक उपचार गर्दै ।

आयोगको अनुगमन टोली सदस्य मुख्यसूचक अन्तर्वार्ता गर्दै

सन्दर्भ सामाग्री

Acharya, K. P., & Paudel, P. K. (2020). *Biodiversity in Karnali province: Current status and conservation*. Ministry of Industry, Tourism, Forest and Environment, Karnali Province Government, Surkhet, Nepal.

Acharya, R. (2022). *The Rautes in Nepal*. Sanjun.https://www.sanjun.com.np/2021/11/the-rautes-in-nepal.html

Adhikari, J. (2008). *Land reform in Nepal problems and prospects.* ActionAid.

Adugna, F. (2014). Politics of territoriality in Ethiopia: The case of the pastoral Gabra of Southern Ethiopia. *Ethiopian Journal of the Social Sciences and Humanities, 10*(2), 35-50.

Asian Development Bank [ADB]. (2022). *Gender equality and social inclusion diagnostic of selected sectors in Nepal.*

Bandhu, C. M., Sharma Pathak, L., & Rai, T. M. (2012). *A socio-linguistic survey of Raute: A Tibeto-Burman language* (A report). Central Department of Linguistics, Tribhuvan University, Kathmandu, Nepal. https://cdltu.edu.np/raute/

Barnard, A. (2008). Policy objectives and cultural practices: ODA and the Bushmen. *Development Southern Africa, 13*(2), 161-171. https://doi.10.1080/03768359608439886

Barnard, A., & Spencer, J. [Eds.] (2002). Encyclopedia of social and cultural anthropology. Routledge.

Barth, F. [Ed.]. (1969]. *Ethnic groups and boundaries. The social organization of culture difference*. Little, Brown, and Company.

Behrenshausen, B. G. (2019). Cultural studies in the present tense. *Cultural Studies, 33*(1), 68-74. https://doi.10.1080/09502386.2018.1543337

Bista, D. B. (1978). Encounter with the Raute: Last hunting nomads of Nepal. *Kailash 4*(4), 317-327.

Bodon, T. C. (2016). The politics of literacy and the Qashqa'i nomads of Iran. *The Journal of Multidisciplinary Graduate Research, 2*(1), 15-31.

Botswana's Constitution of 1966 with Amendments through 2016.

(2016). *The constitution of Botswana 2016*.
British Broadcasting Corporation [BBC]. (November 23, 2016). *Living with Nomads 1/3 Nepal* [Video file]. YouTube. https://www.youtube.com/watch?v=N1pHnOACMtk
Central Bureau of Statistics. (2012). *National population and housing census 1991(National report)*.
Chhantyal, Y. M. (2013). *About Raute: An ethnic group of Nepal* [Video file]. YouTube. Namastenepali DC. https://www.nepalisawesome.com/2014/08/last-nomadic-tribe-of-nepal-raute.html
Chilisa, B. (2012). *Indigenous research methodologies.* Sage.
Colon, A. (2018). *Who and what is Amazigh? Self-assertion, erasure, and standardization*. SIT Graduate Institute.
Constitution of Nepal. (2015). *Nepal law commission*.
Dahal, D. R. (2014). *Population monograph of Nepal. Social demography* (Vol. II). Central Bureau of Statistics.
Das, A. K. L., Gautam, T. R., Subba, C., Gurung, Y., Shakya, K., & Suwal, R. (2014). *The Nepal multi-dimensional social inclusion index. Diversity and agenda for inclusive development.* Central Department of Sociology/Anthropology, Tribhuvan University.
Driem, G. V. (2007). Endangered languages of South Asia. In M. Brenzinger (Ed.), *Handbook of endangered languages* (pp. 303-341). Mouton de Gruyter.
Ecsedy, I. (1981). Nomads in history and historical research. *Acta Orientalia Academiae Scientiarum Hungaricae, 35*(2/3), 201-218.
Fortier, J. (2002). The arts of deception: Verbal performances by the Rāute of Nepal. *The Journal of the Royal Anthropological Institute, 8*(2), 233-25.
Fortier, J. (2003). Reflections on Raute identity. *Studies in Nepali History & Society 8*(2), 317-348.
Fortier, J. (2004). Without the forest: There is no life. *Annual Editions: Anthropology, 04*(05), 61-65.
Fortier, J. (2019). *A comparative dictionary of Raute and Rawat: Tibeto-Burman languages of the central Himalayas.* The Department of South Asian Studies, Harvard University, Cambridge, MA, USA. https://searchworks.

stanford.edu/view/13484656
Gautam, R., & Thapa-Magar, A. (1994). *Tribal ethnography of Nepal*. Book Faith India.
Gilbert, J. (2007). Nomadic territories: A human rights approach to nomadic peoples' land rights. *Human Rights Law Review, 7*(4), 681-716. https://doi:10.1093/hrlr/ngm030
Government of Nepal. (2020). *National adaptation plan 2021-2050*.
Guenther, M. (2016). Nomadic peoples and human rights. *Settler Colonial Studies, 6*(2), 183-187. http://dx.doi.org/10.1080/2201473X.2015.1011590
Gurung, H. K. (1980). *Vignette of Nepal.* Sajha Prakashan.
Gurung, J. M. (2000). *Raute: A study*. Foundation for the Development of Indigenous Nationalities, Kathmandu, Nepal.
Gurung, O., Rawal, N., & Bista, P. B. (2014). *Raute of Nepal.* Central Department of Sociology/Anthropology, Tribhuwan University, Kathmandu, Nepal.
Hames, R. (200). *Hunter-gatherers: Noble or savage*. University of Nebraska, Lincoln. https://www.unl.edu/rhames/courses/212/readings/eden.htm
Hirst, K. K. (2020). *Hunter-gatherers - People who live on the land. Who needs to plant crops or raise animals?* ThoughtCo. https://www.thoughtco.com/hunter-gatherers-people-live-on-land-171258
Hulst, v. M., Koster, M., & Vermeulen, J. (2015). Ethnographic research. *Encyclopedia of Public Administration and Public Policy, 3rd Ed*., 1335-1339. https://doi.10.1081/E-EPAP3-120051222
Human Rights Watch-Nepal. (2008). *A research on ethnographic profile on Raute community in Nepal*.
International Labor Organization. (2013). *Indigenous and tribal peoples convention, 1989 (No. 169)*.
James, L. (1939). The Kenya Masai: A Nomadic People under Modern Administration. *Journal of the International African Institute, 12*(1), 49-73.
Johnson, R., & Sailus, C. (2022). *Hunter-gatherer: Way of life with facts and examples*. Study.com. https://study.com/learn/lesson/hunter-gatherer-overview-facts.html#:~:text=Hunter%2Dgatherers%20are%20

people%20who,an%20area%20to%20gather%20food.
Jonathan, S. B. (2015). The past in the present: A living heritage approach - Meteora, Greece. *Conservation and Management of Archaeological Sites, 17*(3), 289-291. http://dx.doi.org/10.1080/13505033.2015.1129803
Karnali Provincial Government, Ministry of Social Development. (2020). *Health policy 2076.*
Katha Express. (2019, November 5). *The king of forest. The story of Raute.Episode-04* [Video file]. YouTube. https://www.youtube.com/watch?v=6Pw1SfVRLUk&t=1s
Kathmandu University School of Management. (2022). *Policy lab*. http://policylab.ku.edu.np
Ker, M., & Locke, J. (2010).Singing in the wilderness: Kuchi nomads in modern Afghanistan. *Cornell International Affairs Review, 3(2). http://www.inquiriesjournal.com/articles/1260/2/singing-in-the-wilderness-kuchi-nomads-in-modern-afghanistan*
Khadka, N. B. (2017). The endangered Raute tribe: Ethnobiology and biodiversity. *Banko Janakari*, *8*(2), 44. https://doi.org/10.3126/banko.v8i2.17784
Khadka, S. (2020). *Raute samudayko samksipta parichaya* [Brief introduction to Raute community]. Raute Lopunmukh Simantakrit Barga Utthan Pratisthan Nepal.
Khadka, S. (2021). *Rauteko anaupcharik arthatantra: Raute samudayle prayog garne banaspati, kath and bhandakundaharu* [*Informal economy of Raute community: Forest, wood, and woodcrafts*]. Raute Lopunmukh Simantakrit Barga Utthan Pratisthan Nepal.
Luitel, Y. (1999). *Bhramanshil Raute: Ek samajsastriya Adhyayan* [Brave Raute: A sociological study]. Nepal Rajkiya Pragya-Pratisthan. http://107.170.225.98/cgi-bin/koha/opac-detail.pl?biblionumber=14859&shelfbrowse_itemnumber=15617
Manandhar, N. P. (1998). Native phytotherapy among the Raute tribes of Dadeldhura district, Nepal. *Journal of Ethnopharmacology, 60(3), 199-206.* https://doi.10.1016/s0378-8741(97)00150-5
Mannetti, M. (2011). *Understanding plant resource use by the Khomani*

Bushmen of the southern Kalahari [Unpublished doctoral thesis]. The University of Stellenbosch, South Africa.
Medzini, A. (2012). Bedouin settlement policy in Israel: Success or failure? *Themes in Israeli Geography*, 37-48.
Merlijn, v. H. (2020). Ethnography and narrative. *Policing and Society, 30*(1), 98-115. https://doi.10.1080/10439463.2019.1646259
Mihlar, F. (2011). *Israel's denial of the Bedouin*. Minority Rights Group International.
Ministry of Social Development. (2022). *Mainsteaming of endangered Raute community: A policy 2021*. Karnami Provincial Government.
Moretti, M. (2012). *International law and nomadic people*. Author House UK.
National Inclusion Commission. (2022). *Rcommendations of the national inclusion commission for Raute protection policy*. Government of Nepal.
Nepal 'Yatri'. P. P. (1998). *Raute lokjeeban* [Raute folk life]. Department of Education, Tribhuvan University, Kathmandu, Nepal.
Nepal Government, Ministry of Forest and Environment. (2022). *Forest regulations 2079.*
Nepal Government, Ministry of Health and Population. (2020). *National health policy 2076.*
Nepal Government, Prime Minister and Office of the Council of Ministers. (2020). *Firth national work plan.*
Nepal Human Rights Year Book 2022. (2022). *The Raute Community: A study of the conditions in the last 15 years.*https://inseconline.org/en/human-rights-year-book-2022/
Nepali, H. B. (2022). *Banena Raute niti* [Not built policy]. Jawala Sandesh. https://jwalasandesh.com/2022/07/46386/?fbclid=IwAR2APReYw7ydsbf0Y4u2PLUOCVelHfvI5uiYI85SvUCqeEzQrD2DPwS9z8A
Nepali, H. B. (2023). Kina badhdai chha Raute samudayma mrityudar? [Why death rate is increasing in Raute community?]. *Annapurnapost,* p. 2. www.annapurnapost.com
Nigel, W. (2020). The narrative approach to living heritage. *Protection of*

Cultural Heritage, 10, 126-138.
Nyati-Ramahobo, L. (2009). *Minority tribes in Botswana: The politics of recognition.* Minority Rights Group International, Botswana.
Office of the Prime Minister. (2019). *Classification of national policies*. Government of Nepal.
Onion, A., Sullivan, M., &Mullen, M. [Eds.]. (2022). Hunter-Gatherers. A&E Television Networks. https://www.history.com/topics/pre-history/hunter-gatherers
Orlando, A. (2019). *Culture.*https://metadornetwork.com
Prakash, D, S. R. S., & Sudhaka, G. (2010). *Palmar C- line variation among Yerukula: A nomadic tribe of South India. Antrocom, 6*(1), 21-24.
Public Policy Lab. (2022). We design systems with people. https://www.publicpolicylab.org
Rai, J., & Tumyahang, A. (2010). *Origin of tribal indigenous people in Nepal: A review.* Foundation for the Development of Indigenous Nationalities, Kathmandu, Nepal.
Rana, S. (2010). Change in the livelihood of Rautes through micro-enterprise development initiatives. *Micro-Enterprises, Development for Poverty Alleviation*. Micro-Enterprise Development Program, United Nations Development Program, and Ministry of Industry.
Ratopati.(2022, October 6). *Khallo hune bhayo Rauteko yas patakko sadhain, payenan bhataa* [Dashain of Raute is going to be boring, as they did not receive allowance]. https://www.ratopati.com/story/266654/2022/10/3/raute-
Reinhard, J. (1974). The Raute: notes on nomadic hunting and gathering tribe of Nepal. *Kailash, 2*(4), 233–271.
Robinson, L. W., & Fikret Berkes, F. (2010). Applying resilience thinking to questions of policy for pastoralist systems: Lessons from the Gabra of Northern Kenya. *Human Ecology, 38*(3), 335-350.
Saetren, H. (2005). Facts and myths about research on public policy implementation: Out of fashion, allegedly dead, but still very much alive and relevant. *Policy Studies Journal, 33*(4), 559-582.
Sahayogee, J. (2015). *13hidden facts about Raute Jati community in Ne*pal.

https://www.imnepal.com/raute-jati-community-nepal/
Schweitzer, P., Biesele, M., & Hitchcock, R. (2000). Hunters and gatherers of the modern world: Conflict, resistance, and self-determination. *The International Journal of African Historical Studies, 33*(2), 504-505.
Semb, A. J. (2001). How norms affect policy. The case of Sami policy in Norway. *International Journal on Minority and Group Rights, 8*, 177-222.
Shahbazi, M. (2001). The Qashqa,i nomads of Iran: Formal education. *Nomadic Peoples, New Series, 5*(1), 37-64
Shahu, M. B. (2019). Reciprocity practices of nomadic hunter-gatherer Rāute of Nepal. *Hunter Gatherer Research, 4*(2), 257-285. https://doi.org/10.3828/hgr.2018.18
Sharma, K. K. (2012). *Living in the mist. The last nomads of Nepal*. Freedom. http://www.enterpix.in/feature/freedom/living-mist-last-nomad s-nepal/
Social Service Center [SOSEC]. (2022). *Annual report 2077/2078*. https://sosec.org.np/np/?cat=124
Stiles, D. (1993). Hunter-gatherer trade in wild forest products in the early centuries A.D. with the port of Broach, India. *Asian Perspectives 32*(2), 153-67.
Surendra. (2021). *Raute Culture*. Land Nepal.https://www.landnepal.com/details/1733.html
The Global Environment Facility [GEF]/Small Grants Program [SGP]. (2011). *Rautes: The last nomads of Nepal*. https://www.sgp.org.np/videos.php
The Raute. (2022*). Nomadic hunter-gatherers*.https://nomadictribe.com
The Sami in Finland. (n. d.). *The Sami Parliament in Finland*. https://www.samediggi.fi/?lang=en#:~:text=The%20S%C3%A1mi%20Parliament%20is%20the,part%20of%20the%20public%20administration
The Sami in Norway. (n. d.). *The Sami Parliament in Norway*. https://sametinget.no/about-the-sami-parliament/
The Sami in Swenden. (n. d.).The Sami Parlimanet in Sweden. https://www.sametinget.se/english
The United Nations Declaration on the Rights of Indigenous Peoples

[UNDRP]. (2013). *A manual for national human rights institutions*.
Toirkens, J. (2011). *Nomad: The last nomadic life on the northern hemisphere*. Smithsonian Libraries.
Top Nepal Television [TV]. (2020, December 5). *13 barshiya chhorilaai yasto garepachhi. Raute yubati pahilo patak modiyama bolin yasari* [Doing this for 13 years old daughter. The Raute girl spoke with media in such a way] [Video file]. YouTube. https://www.youtube.com/watch?v=cgF-oRUXnHE
Torry, W. I. (1976). Residence rules among the Gabra nomads: Some ecological considerations. *Ethnology, 15*(3), 269-285.
United Nations Human Rights Council. (2022). *General assembly of the United Nations.*https://www.un.org/en/ga/77/meetings/elections/hrc.shtml
United Nations. (1967). *International covenant on civil and political rights*.
World Ethnographies. (2016). *Raute culture-Nepal.*https://www.facebook.com/WorldEthnographies/photos/a.881938015204731/1026312757433922/?type=3
World Rainforest Movement. (27 October 2004). Colombia: The Nukak, the last contacted nomadic people. *WRM Bulletin 87*. https://www.wrm.org.uy/bulletin-articles/colombia-the-nukak-the-last-contacted-nomadic-people
Yasin, B. (2017). *The Raute community and the challenges to maintain their indigenous ecological knowledge and practice* [Unpublished doctoral dissertation]. The University of Tsukuba, Japan.

धन्यवाद ।